# एकताको समय र चिन्ह

शुभ सन्ध्या। आज राति यहाँ हुन पाउनु, र यस ठाउँमा उभिनु शौभाग्य हो।

2 म, यस बिहान, तल सडकबाट आउदै गर्दा...प्रभुमा प्रतिक्षा गर्दै, म प्रार्थना गरिरहेको छु। र तल सडकमा, मैले एउटा—एउटा रेडियो सेवक, भाई स्मिथ, कालो भाई, (के तपाईहरु सबैले यस बिहानमा उहाँलाई सुन्नुभयो? तपाईहरु मध्ये कोहि?) माथि निर, मलाई लाग्छ यो ओहायो हो। मलाई कसैले उहाँले प्रचार गरेको बारेमा भनेको थियो, र भन्यो, “तपाईले उहाँलाई सुन्नुपर्छ,” त्यस्तै नै।

3 म आज बिहान उहाँलाई, भेट्न गए। र उहाँले पक्कै पनि त्यो पाप आज संसारमा कसरी प्रचुर मात्रामा भईरहेको छ भनेर बताईरहनुभएको थियो, र उहाँले...र म अलि टाढासम्म गएँ, त्यहाँबाट स्टेसनमा, र तल आए र अर्को सुने। म यहाँ ओर्लेको समयमा, म लगभग तयार भईसकेको थिएँ, हेर्नुहोस् यदि यो मण्डली आउनको लागि एकदम ढिलो नभएको भए, आज बिहान जब म यहाँ भित्र पसे। त्यसैले, हामी आज राती यहाँ हुन पाउँदा, र परमप्रभुको सेवामा सेवा गर्न पाउनु साच्चै पनि शौभाग्य हो।

4 र भाई नेभिल, र अर्को दिन सन्देशको बारेमा कुरा गर्दा, यस सानी महिलालाई, हाम्रो बहिनी जो भर्खरै हामीबाट गईन्। जो, उहाँ को हुनुहुन्थ्यो भनि हामी सबैलाई थाहा छ, उहाँ बहिनी विभर हुनुहुन्छ। र आजराती, बप्तिष्मा लिने मानिसहरुको बारेमा सोच्दा; उनी...मैले उहाँलाई यो पोखरीमा बप्तिष्मा दिए जब म...उनीहरुले उहाँलाई यहाँ एउटा व्हिल चेयरमा ल्याउनुपर्थ्यो। उहाँ क्यान्सरले, मर्दै हुनुहुन्थ्यो, र उहाँसंग जिउनको लागि केवल त्यो रात मात्रै बाँकी थियो; चिकित्सकहरुले उहाँमा हार खाईसकेका थिए, उहाँ भोलिपल्ट बिहान मर्नेवाला थियो। र म उहाँको घरमा गए र उहाँसंग ईश्वरीय चंगाईको बारेमा बोल्ने कोशिष गरे, र उहाँले मात्रै दोहोर्याईरहनुभयो, “तपाई मेरो छानामुनि आउन लायकको म छैन।” उहाँले भन्नुभयो, “मेरो घरमा सेवक आउने लायकको म—म छैन।” उहाँले भन्नुभयो, “म एउटा पापी हुँ।” तर उहाँले भन्नुभयो, “श्रीमान, म यसरी मर्न चाहन्न।” र त्यसैले ग्रेस विभर, यहाँ माथि, मलाई त्यहाँ तल ल्याईयो।

म सभाहरु गरेर थकित भएर, भर्खरै भित्र पसेको थिएँ; र त्यहाँ जब मैले उहाँको लागि प्रार्थना गरिरहेको थिए, र उहाँको लागि धर्मशास्त्र पढे, र उहाँ बचाईनुभयो। त्यसपछि, उहाँले मुस्किलले आफ्नो हात उठाउन सक्नुहुन्थ्यो, तर उहाँले सबैजनासंग हात मिलाउन चाहनुहुन्थ्यो। उहाँ केवल...केहि कुराउहाँलाई भयो।

5 र तिनीहरुले आफ्नो हात मिलाउदै गर्दा, मैले उहाँ एउटा कुखुराको खोरमा जाँदै र, फर्केर आउदै गर्नुभएको दर्शन देखे। मैले भने, "ठिक छ, यो अब सबै ठिक हुनेवाला छ"; र त्यो अठार वर्ष अगाडि थियो। र उहाँले त्यो क्यान्सरलाई अगाडि नाघेर आउनुभएको, सबै संगै। यदि उहाँ मर्नुभयो भने...कुनै क्यान्सरबाट मर्नुभएन, उहाँलाई हृदयघात भएको थियो र उहाँलाई मार्यो। तिनीहरुले उहाँलाई अक्सिजनमा राखे; उहाँ हृदयघातले मर्नुभयो।

6 र त्यसपछि मैले सोच्दै थिए, ठिक अन्तिममा जब मानिसहरु बाहिर जाँदै थिए, र तिनीहरुले गाए, *तब येशू आउनुभयो।* ठ्याक्कै त्यस्तै भएको थियो, उहाँ आउनुभयो र ती अठार वर्षको लागि उहाँको जीवन बचाउनुभयो। र मैले सोचे, "कति उपयुक्त।" शायद ती महिलालाई थाहा थिएन कि उहाँले त्यसरी गर्दै हुनुहुन्थ्यो भनि। त्यसपछि, फेरी पनि, उहाँसंग हुन सक्छ। तर त्यो भाग त्यहाँ हुनु कति उपयुक्त थियो, *तब येशू आउनुभयो।*

7 अब यो अलिकति थोरै अगाडि थियो, मलाई—मलाई आशा छ, सभाको लागि मेरो उत्कृष्ट चाजोबाजो छ। म साच्चै नै आत्तिन्छु। यस बिहान, म यति अन्योलमा थिए, म माथि—प्रार्थना गर्नको लागि गएँ। र म—म घरमा छु, यहाँ फर्किएर। परिवार, भर्खरै तिनीहरुलाई एरिजोनामा लगे, र म...ताकी बच्चाहरु विद्यालय जान सकून्। र म यहाँ फर्केर—केवल आराम गर्नको लागि आएको छु, भाई वूड र यहाँका धेरै भाईहरुसंग शिकार खेल्नलाई; बाहिर शिकारको लागि, यो हप्ताको लागि। हामीहरु तल केन्टकीमा जाँदैछौ। र म थिएँ...भएको थिएँ...म त्यो दिनमा आईपुगे—जुन दिन श्रीमती विभरको मृत्यु भयो, र यो सहि छ कि म यहाँ भएर भाई नेभिललाई अन्त्येष्टिमा मद्दत गर्न सक्छु।

8 र म प्रयास गर्दिन...म—म यसको बारेमा धेरै भन्न खोज्दिन, तपाईलाई थाहा छ, जहाँ मानिसहरुले वरपर गुनासो गरिरहेका छन्। किनभने, मलाई लाग्छ, सबैभन्दा घातक चिजहरु मध्ये एउटा—एक पुरुष वा महिलाले

बारम्बार गुनासो गरिरहेको हेर्नु हो। मैले सधै सोचेको थिए, “परमेश्वर, मलाई यसबाट दूर राख्नुहोस्।” बुझ्नुभयो, त्यो—त्यसले हरेक पटक विश्वासलाई कमजोर बनाउँछ, तपाईलाई थाहा छ। तपाई केवल—तपाई केवल...यदि तपाई—यदि तपाई...मलाई थाहा छ जसै तिनीहरु वृद्ध हुँदै जान्छन्, हामीहरु मध्ये हरेक, हामीले केहि कुरा भयो र केहि कुरा भयो भन्ने कुरा पाउँछौ। र मलाई थाहा छ कि ती साना कुराहरु जम्मा भईरहनेछ, त्यो तपाई वृद्ध हुँदै जाँदा हुन्छ, त्यो केवल हुन्छ। तर सबैभन्दा डरलाग्दो कुराहरु मध्ये एउटा, शैतानले केहि व्यक्तिको जीवनलाई मुकुट लगाउनु हो: एउटा वृद्ध पुरुष वा वृद्धा महिला, तपाईले देख्नुहुन्छ। म—मलाई लाग्छ कि म त्यस ठाउँमा पुग्न नपरोस्। म आशा गर्छु कि मैले त्यसलाई सहन सक्छु, मेरा बोझहरु, र—र त्यो ठाउँमा पुग्छु जहाँ...म मेरो जीवन परमेश्वरको महिमाले मुकुट लगाईएको चाहन्छु; उहाँको सहनशीलता, कोमलता, शान्ति, नम्रता, र पवित्रआत्माले भरिएको छ।

9 र म...मेरो जीवनभरी मलाई दुखाउने मध्ये एउटा कुरा, त्यो आत्तिने अवस्था हो। कि जब म यति थाक्छु, तब म साच्चै नै थकित हुन्छु। मैले... कसैले तपाईको वास्ता गर्दैन जस्तो लाग्छ, तपाईलाई थाहा छ, र—र तपाई सबै...तपाईहरु सबैलाई, पनि भएको छ। र मलाई यसको साच्चै नै अधिक भएको छ, तपाईलाई थाहा छ, र यो कुनै बेलामा साच्चै नै खराब हुन्छ, र मैले मुस्किलले...यो तनाब हो, र त्यसैले यो गर्छ। र त्यसबेला म त्यस ठाउँमा धेरै पटक पुग्छु, विशेष गरी ती धेरै दर्शनहरु संग, तपाईले देख्नुहुन्छ, यसले केवल मलाई पाउँछ। म एउटा व्यक्तिमा हेर्छु, म सोच्छु, “यो एउटा दर्शन हो। होइन, होइन, होइन, यो होइन। हो! के यो होइन?” तपाई देख्नुहुन्छ? र तपाईलाई थाहा छैन त्यससंग को मूल्य के जान्छ भनेर। त्यसैले तब—त्यसैले तब तपाई—तपाई सोच्नुहुन्छ। तब तपाई सोच्न थाल्नुहुन्छ, “ठिक छ, तपाई...” तब तपाई आफ्नो छेउमा आउनुहुन्छ र भन्नुहुन्छ, “ठिक छ, अब, के—के मैले गरे? यहाँ म छु, म—म पचास वर्षको छु र मैले प्रभुको लागि केहि पनि गरेको छैन; र म—म वृद्ध हुँदैछु। र के...? ओ, मेरो।” तब तपाई केवल पाउनुहुन्छ...जसलाई हामीले भन्ने गर्थ्यौं “उदासीनता।” तपाईहरु मध्ये मेरो उमेरको केहि भाईहरुलाई याद गर्न सक्नुहुन्छ जसलाई तिनीहरुले “उदासिनता हुनु” भन्ने गर्थे। पपले यसको बारेमा कुरा गर्ने गर्नुहुन्थ्यो र उहाँको मतलब के हो भनेर म सोच्ने गर्थे, र अहिले मलाई पक्का छ कि उहाँको मतलब के हो भनि। त्यसैले तब,

तपाईले त्यस तरिमा महसूस गर्नुहुन्छ, जुन यो कुनै सत्य होइन; यो केवल तपाई मात्र हो, तपाईलाई यो थाहा छ। हेर्नुहोस्, तपाईलाई यो थाहा छ, यो मात्रै तपाईले यो गरिरहनुभएको छ।

10 त्यसैले मैले अहिले आफैलाई थोरै शान्त पार्न खोज्दै थिए, र ठूलो धक्काको लागि—तयार हुँदैछु जुन मलाई आशा छ चाँडै आउँदै छ। र तब...ठिक बाहिर म न्यू योर्कमा जानुपर्नेछ, र म...त्यहाँ सभाको लागि, एउटा अभियान। र त्यसपछि तल स्रेभपोर्ट, त्यसपछि फर्केर फिनिक्समा जानुपर्छ। र त्यसपछि पश्चिमतिर आउछु...संयुक्त राज्यको दक्षिण सिमातिर। र त्यसपछि तिनीहरुले विदेशको लागि प्रबन्ध अहिले मिलाउदैछन्, हामी वर्षको पहिलो पछि सकेसम्म चाँडो शुरु गर्न, हुनसक्छ शायद मार्च, एप्रिल, केहि त्यस्तै; जहाँ तपाईले शुरू गर्नुहुन्छ स्टकहोम वा ओस्लो, र संसारभर जाने, यदि हामीले यो अर्को भ्रमणमा सक्छौ भने।

11 र अब म घरमा छु, थोरै आराम जस्तो गरिरहेको छु, एक प्रकारको आफू फर्कन र एक प्रकारले निको हुन। र यदि प्रभुको इच्छा छ भने, म अर्को आईतबार फर्कनेछु, तल केन्टकीबाट। र—र यदि यो ठिक छ भने, प्रभुलाई खुसी पार्छ भने, र भाई नेभिललाई कुनै आपत्ति छैन; ठिक छ, म अर्को आईतबार सेवा गर्ने प्रयास गर्नेछु, यदि—यदि प्रभुको इच्छा भए। र यदि उहाँले भाई नेभिलले जस्तै इच्छा गर्नुहुन्छ भने, म—म यहाँ हुनेछु। हो श्रीमान, उहाँ त्यस्तै हुनुहुन्छ...यदि उहाँ भाई नेभिलले जस्तै यसको बारेमा इच्छुक हुनुहुन्छ भने। मलाई आशा छ उहाँ हुनुहुन्छ। अब, हेर्नुहोस्, तब मलाई थाहा म छिट्टै, यदि प्रभुले चाहनुहुन्छ भने, म तपाईबाट केहि समयको लागि टाढा जाँदैछु।

12 र म...केवल सानो सन्देशहरु, जब मैले मेरो हृदयमा अलिकति केहि उठाएँ, तब म—म—मलाई लाग्छ कि म तपाईलाई यो व्यक्त गर्न चाहन्छु, र हामीले यसको वरिपरी संगति गर्न सक्छौ। अब, मसंग ती मध्ये केहि, पाँच वा छवटा छन् जुन पछिल्ला केहि दिनहरुमा मसंग आएको छ। र म गएँ, केहि दिन यहाँ, लोखर्के शिकार गर्न। र म जंगलमा गए, र मैले कलम र कागज लिए। हेर्नुहोस्? अब करिब त्यस समयमा यो राम्रो र दिनको उज्यालो हुन्छ, म कतै रूखको पछाडि हुन्छु। यदि म सुत्न गएन भने, म प्रार्थना गर्न थाल्छु, र त्यसपछि म, प्रभुले मलाई केहि दिनुहुन्छ, म यसको सानो नोट लेख्न थाल्छु, तपाईले देख्नुहुन्छ। मेरो मतलब के हो तपाईलाई थाहा छ; जब

तपाई आफैमा पुग्नुहुन्छ, र त्यसपछि तपाई...त्यसपछि म भित्र आउँछु, यो सबै कागजको ट्याबलेटमा लेख्छु। र त्यसपछि जब मलाई बोलाईन्छ, म दौडन्छु र मेरो ट्याब्लेट लिन्छु र त्यसबाट हेर्छु र म के शुरू गर्न सक्छु त्यो हेर्छु, तपाईले देख्नुहुन्छ। त्यहि नै अहिले भर्खर भएको छ।

13 त्यसैले अब, म चाहन्छु, यदि प्रभुको इच्छा भए, बोल्नलाई...म बनाउने कोशिष गर्दैछु...त्यो ठूला, लामो सन्देशहरु छोट्याउछु, तपाई देख्नुहुन्छ; जहाँ तपाईलाई घण्टौ लाग्छ। र प्रभुले मलाई शिकागोमा, त्यहाँको अन्तिम रात, लगभग तिस मिनेटमा एउटा छोटो काम गर्न मद्दत गर्नुभयो। र कोहि वरिपरी आए, भन्यो, “मलाई लागेको थिएन यो तपाईमा थियो, तर तपाईले यो गर्नुभयो!” त्यसैले तिस मिनेट, लगभग साढे दुई घण्टा, वा तिन, तपाईलाई थाहा छ। त्यसैले शायद मैले आज हतार गर्न सक्छु र थोरै अभ्यास गर्छु, तपाईलाई धेरै लामो समयसम्म राख्दिन।

14 परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। चाहे म जहाँ गए पनि, त्यहाँ यो मण्डलीजस्तो ठाउँ कहिँ पनि हुनेछैन। यो घर, प्यारो घर। र म विभर परिवारसंग सहानुभूतिमा छु। र यो प्रिय रंगिन भाईसंग जो बित्नुभयो, मैले उहाँ संग उहाँ जानुभन्दा केहि अगाडि संगै सानो प्रार्थना गरे, र एउटा राम्रो चरित्र हुनुहुन्थ्यो। र उहाँ अहिले परमेश्वरसंग घरमा हुनुहुन्छ, यो सबै सकियो। र तपाई जसरी पनि जानु पर्छ, र हामी सबैलाई त्यो थाहा छ। त्यसैले हामीहरु...प्रभुले तिनीहरुको आत्मालाई शान्ति प्रदान गर्नुभएको होस्, र कुनै दिन हामी पारी भूमिमा उहाँहरुसंग सामेल हुने आशा गर्दछौ, जहाँ कुनै रोग, शोक, वा मृत्यु छैन। त्यतिन्जेल, हामीले सुसमाचारको लागि गर्न सक्ने सबै कुरा गरौं।

15 तनावको बारेमा बोल्दा, मैले यस बिहान यसको बारेमा प्रार्थना गर्दै थिएँ। तपाईले के गर्नुहुने थियो यदि तपाईसंग तनाव नहुन्थ्यो भने? केवल यसको बारेमा सोच्नुहोस्। तनाव जीवनको अंश हो। त्यो सोचले मलाई एक किसिमको हौसला दियो। यदि तपाईसंग तनाव हुन्थेन भने, तपाई एउटा पुतली जस्तो हुन्थ्यो, तपाईसंग कुनै भावानहरु हुँदैन थियो। तपाईले काम गर्न सक्ने त्यहाँ केहि पनि हुने थिएन। एउटा पति र पत्नी जस्तै, हुनसक्छ उनले केहि गर्न चाहन्छिन्, र उनीहरु संगै काम गर्न खोज्दैछन् (विशेष गरी इसाईहरु), र अर्कोले चाहन्छ कि...र त्यसपछि जब तपाईहरु संगै आउनुहुन्छ...उनले के गरिन् तपाईले त्यो थाहा पाउनुहुन्छ; उनले

थाहा पाउछिन्...हेर्नुहोस्, तनावले तपाईहरु दुईटालाई वास्तवमै एकसाथ नजिक ल्याउँदछ। र कसैले तपाईलाई भन्छ कि, “ठिक छ,” भन्यो, “केवल सानी पत्नीको बारेमा सोच्नुहोस् जो धेरै तनावबाट भएर गईन् जब तपाई त्यति असल हुनुहुन्न थियो,” वा “पति केहि तनावबाट भएर गयो जब तपाई त्यति असल हुनुहुन्न थियो। त्यसपछि जब यो सबै क्षमा दिईयो, उहाँको बारेमा तपाईलाई कस्तो महसूस भयो हेर्नुहोस्। मेरो, तपाई केवल...” हेर्नुहोस्, तपाईलाई तनाव हुनुपर्दछ। यहि नै हो।

16 र केवल सोच्नुहोस्, भावनाहरु, के हुन्थ्यो यदि तपाईसंग कुनै भावनाहरु, कुनै पिडा वा केहि पनि हुन्थेन भने? त्यहाँ कुनै दुखाई नै हुन्थेन भने के हुन्थ्यो? तपाईमा कत्ति पनि भावनाहरु हुन्थेन। बुझ्नुभयो? र यदि तपाईसंग कुनै भावना हुन्थेन भने, तब तपाईको इन्द्रियहरु मध्ये एक हराउने थियो। बुझ्नुभयो? त्यसैले, हेर्नुहोस्, सबैकुरा जसरी पनि ठिक हुन्छ। त्यसैले, “परमेश्वर, केवल त्यसमा टिक्न सक्नलाई हामीमा अनुग्रह दिनुहोस्,” त्यो कुरा हो। यदि हामी त्यो अनुग्रहको साथ खडा भयौ भने, र त्यहाँ उभेर भन्नुहुन्छ, “हामीलाई थाहा छ जब यो जीवन समाप्त हुन्छ, महान अर्को छेउमा छ जहाँ हामी जान खोजिरहेका छौ।” र अब, हामी—हामी याद गर्छौ कि यी सबैकुराहरु, त्यो एउटा तनाव हो।

17 त्यो, केहि मानिसहरुले इसाईधर्म परिचय गराउन खोज्छन्, कि, “तपाई चिन्ताबाट मुक्त हुनुहुन्छ, तपाई...” होइन, तपाई हुनुहुन्न। “तपाई तनावबाट मुक्त हुनुहुन्छ।” ओ, होइन! तपाईले तनाव थप्नुहुन्छ जब तपाई इसाई बन्नुहुन्छ, किनकि तपाई एक खालको सुस्त– जाने, खुसी–भाग्यमानी भई जाने हुनुहुन्थ्यो, जे केहि पनि त्यहाँ बाहिर थियो, तपाईले के गर्नुभयो भन्ने कुरालाई वास्ता नराखी।

18 तर जब तपाई एउटा सच्चा इसाई बन्नुहुन्छ, हरेक क्षण तपाई सोचिरहनुहुन्छ, “के मैले प्रभुलाई प्रसन्न पारीरहेको छु? यदि मैले उहाँबाट सुन्न सके त!” यसले तपाईलाई तनावमा राख्छ, तपाईलाई सुरक्षामा राख्छ। त्यसले नै तपाई जो हुनुहुन्छ त्यो बनाउदछ। त्यसैले, तनाव एउटा आशिष हो। यो केवल तपाईले यसलाई यो तरिकामा हेर्दै हुनुहुन्छ। यो केवल तपाईले यस तरिकामा यसलाई हेर्दै हुनुहुन्छ। बुझ्नुभयो? यदि तपाईले मात्रै अर्को तर्फ हेर्नुहुन्छ भने, त्यहाँ—त्यहाँ...चाहे जत्तिसुकै पातलो तपाईले केहि काटे पनि, तपाईसंग अझै पनि दुई पाटोहरु हुन्छ, तपाई देख्नुहुन्छ।

त्यसैले तपाईले दुईटै पक्षहरु हेर्न चाहनुहुन्छ।

19 त्यसैले तनाव...मलाई लाग्छ, "ओ मेरो, यो...यो तनाव के हो? यदि म यो तनाव बिना जन्मेको भए।" ठिक छ, यदि म संग यो तनाव नभएको भए, म जो हुँ त्यो हुने थिएन। म एउटा इसाई बन्ने थिएन, शायद। यो त्यहि तनाव हो जसले मलाई येशू ख्रीष्ट तर्फ डोहोर्यायो। बुभ्नुभयो? त्यसैले, यो मेरो लागि आशिषको कुरा भएको छ।

20 त्यसैले तब, जसरी पावलले भनेका थिए, यद्धपि मानौ उनलाई तनाव वा केहि त्यस्तै वा अर्को कुरा थियो, उनले परमेश्वरलाई यो उनीबाट हटाउनको लागि—तिन पटक भनेका थिए। र त्यसपछि प्रभुले भन्नुभयो, "साउल, मेरो...पावल, मेरो अनुग्रह नै पर्याप्त छ।"

21 उनले भने, "त्यसपछि, म मेरो दुर्बलताहरुमा महिमा गर्नेछु। त्यसपछि जब म कमजोर छु, म बलियो हुन्छु।" बुभ्नुभयो? जबसम्म यो परमेश्वरको इच्छा हो, सबै ठिकै छ।

22 अब, मैले उहाँलाई एकपटक भने जुनबेला यसले मलाई एकदम समस्या दिने गर्थ्यो, यसले मलाई डर लगाउथ्यो। र उहाँले मलाई भन्नुभयो, लगभग आठ वा दस वर्ष अगाडि, उहाँले भन्नुभयो, "यसले तिमीलाई फेरी कहिल्यै पनि डर दिनेछैन।" र यसले कहिल्यै गरेको छैन। होइन, श्रीमान; यसको—यसको बारेमा चिन्ता नगर्नुहोस्। म केवल यसलाई महसूस गर्छु, तर त्यो त्यहाँ छ भन्ने कुरा मलाई थाहा छ; तर म यतिकै अघि बढ्छु किनभने यसले मलाई कत्ति पनि भयभित पार्दैन, त्यसैले त्यसको लागि धन्यवादि छु।

अब, उहाँले यो भन्न सक्नुहुन्थ्यो, "यो अब उप्रान्त हुनेछैन," त्यस्तै नै, "तिमी अब कत्ति पनि डराउनेछैनौ।"

23 त्यसैले यो हुनको लागि यो उहाँको इच्छा हो, त्यसैले म केवल यो अँगाल्छु र भन्छु, "धन्यवाद तपाईलाई, प्रभु, म त्यो बाटो हिड्नेछु।"

24 अब, आउनुहोस् एक क्षणको लागि हामी हाम्रा शिरहरु भ्रुकाऔं—प्रार्थनाको लागि। के त्यहाँ प्रार्थनाको लागि विशेष अनुरोध छ? (म रूमालहरु यहाँ राखिएको देख्छु।) आफ्नो हात उचाल्नुहोस्। प्रभु, तपाईका प्रत्येक छोराछोरीलाई आशिष दिनुहोस्।

25 हाम्रो स्वर्गीय पिता, जसै अहिले हामी तपाईको महान, राजकीय सिंहासनमा आउँदछौ, किनभने हामीलाई आउनको निम्ति भनिएको छ।

हामी येशू ख्रीष्टको बोलीमा आउदछौ। र हामी हाम्रा सबै फिक्रीहरु लिएर आउछौ, र उहाँमा फाल्छौ किनकि उहाँले हाम्रो वास्ता गर्नुहुन्छ। उहाँले हाम्रो वास्ता गर्नुहुन्छ भन्ने कुरा जान्नु, कति ठूलो सान्त्वना हो। स्वर्गको महान परमेश्वर, सृष्टिकर्ताले, हाम्रो वास्ता गर्नुहुन्छ, उहाँको सृष्टिको वास्ता गर्नुहुन्छ। हामीहरु त्यसको लागि धेरै खुसी छौ, प्रभु। यो हामी जिईरहेको समयमा कति महान सान्त्वना हो। जब त्यहाँ अरु बाट नभएर तपाईको वचनबाट—सान्त्वना लिन सकिन्छ। त्यो हाम्रो सान्त्वना हो, तपाईको प्रतिज्ञा। र तपाईको प्रतिज्ञामा, तपाईले हाम्रो अनुरोधहरु थाहा देऊ भन्नुभयो, र "तिमीहरुले कुनै पनि कुरा मेरो नाउँमा माग्छौ भने, म त्यो पूरा गर्नेछु।" र यी सबै महान प्रतिज्ञाहरु: "माग र तिमीले प्राप्त गर्नेछौ। यस पहाडलाई, 'हटिजा' भन, र संका नगर, र यो हट्ने छ।" यी सबै प्रतिज्ञाहरु, र हामीले त्यसबाट तान्न सक्छौ जुन हामीले मागिरहेका छौ।

26 हातहरु उठ्यो, तिनीहरुलाई केहि कुराको खाँचो छ, प्रभु। तपाईलाई तिनीहरुको आवश्यकता थाहा छ; यसलाई पुर्याउनुहोस्, पिता। म मेरो प्रार्थना तिनीहरुको प्रार्थनासंग तपाईको अगाडि, मेरो हात तिनीहरुको संगै उचालेर राख्दछु। यहाँ यो मेचमा, रूमालहरु राखिएको छ। ओ, कसरी विश्वासमा रहेका मानिसहरुले, वीर विश्वासका साथ, प्रभु...तपाईले भर्खरै मलाई आशिष दिनुभएको कुरा जस्तै देखिन्छ, बिमार मानिसहरुको लागि प्रार्थना गर्न। जहाँकहिँ पनि, जता पनि, जुनै पनि ठाउँमा म जान्छु, यो बिमारहरुको निम्ति प्रार्थना गर्ने विषयमा हो। परमेश्वर, अहिले मद्दत गर्नुहोस्। म इमानदारीताका साथ प्रार्थना गर्छु कि तपाईले अनुरोधहरु पूरा गर्नुहुनेछ यी रूमालहरुको जुन यहाँ राखिएको छ, जुन मानिसहरुले मागेका छन्। तपाईको दया तिनीहरु माथि रहेको होस्।

27 प्रभु, हामी बुझ्दछौ कि बहिनी हिक्ससंग यहाँ एउटा महिला हुनुहुन्छ, जो प्रार्थना गरिनको लागि, क्यान्सर संगै धेरै टाढाबाट उडेर आउनुभयो; र उहाँले उहाँलाई यहाँ आउन सक्नुहुन्छ कि भनेर जान्न चाहनुहुन्थ्यो। म प्रार्थना गर्दछु, परमेश्वर, कि तपाईले त्यस व्यक्तिको जीवन बचाउनुहोस्; यसलाई प्रदान गर्नुहोस्। मेरो सानो भतिजा, मिकी, पारी त्यहाँ बिमार भएर वान्ता गरिरहेको छ, उच्च ज्वरोको साथ्, भर्खरै ढोका छोडेको छ। प्रभु, म—म विश्वास गर्छु कि हामीसंग त्यहाँ विश्वासको प्रार्थना थियो जुन तपाईले यसले बन्द गर्नुभयो, र म—म—म तपाई प्रति आभारी छु, मैले कोठा छोड्नुभन्दा पहिला ज्वरोले केटालाई छोडेको महसूस गर्दै।

28 अब, प्रभु...र यी सबैकुराहरुको लागि तपाईलाई धन्यवाद। अब तपाईको वचन बोल्ने जिम्मा ममा परेको छ। हामीलाई तपाईको वचन दिनुहोस्, प्रभु। "तपाईको वचन सत्य हो।" हाम्रो प्राणहरुलाई आशिष दिनुहोस् र हामीलाई चाहिने—अनुग्रह दिनुहोस्, ताकी हामीले यसलाई आजराति परमेश्वरको प्रतिज्ञाहरुबाट लिन सकौँ, वचनमा, यस हप्ताको बाकि अवधिमा हामीलाई जोगाउनको लागि; यसलाई प्रदान गर्नुहोस्। हाम्रा पाष्टरलाई आशिष दिनुहोस्, यो बहादुर प्राण, उहाँको श्रीमती, उहाँको छोराछोरी, डिकन, ट्रस्टी, र हरेक व्यक्ति जो यस भवनबाट भित्र र बाहिर गर्छन्; यसलाई प्रदान गर्नुहोस्, पिता। येशू ख्रीष्टको नाउँमा हामी यी आशिषहरु माग्छौ। आमेन।

29 अब, म प्रभुको लेखको दुईटा ठाउँबाट पढ्न चाहन्छु। म पहिला भजनसंग्रहको पुस्तकबाट पढ्न चाहन्छु, ८६ औ भजनसंग्रह। र त्यसपछि म सन्त मत्तीबाट पढ्न चाहन्छु, १६ औ अध्याय, १ देखि ३ सम्म। अनि म भजनसंग्रहको यो अंश पढ्न चाहन्छु, यसको सबै होइन। तर तल ११ औ पदमा, जुन यसको आधा भन्दा अलिकति बढि हो।

30 र म यो घोषणा गर्न चाहन्छु, मैले यसमा प्रचार गर्नुभन्दा अगाडि, मैले एउटा पाठ बोलाउछु भने यो हो: *एकताको समय र चिन्ह।* "एकताको समयको चिन्ह," त्यो एक खालको जटिल सुनिन्छ। *एकता* (बुझ्नुभयो?) *समय,* एकताको समय, यहि नै अहिले हो। र त्यो एकताको समयको *चिन्ह* हो।

31 भजन—संग्रहमा, दाऊदको एउटा प्रार्थना, ८६ औ भजनसंग्रह।

*म दरिद्र र असहाय मानिस हुँ, हे परमप्रभु: दया गरि मेरो प्रार्थना सुन्नुहोस्, अनि उत्तर दिनुहोस्।*

*मेरो प्राणको रक्षा गर्नुहोस्; किनकि म पवित्र छ: ओ तपाई मेरो परमेश्वर, तपाईको दासलाई बचाउनुहोस् जसले तपाईमा भरोसा राख्दछ।*

*म प्रति दयालु हुनुहोस्, ओ प्रभु: किनकि म दिनहु तपाईलाई पुकार्दछु।*

*तपाईको दासको प्राणलाई आनन्दित पार्नुहोस्: किनकि तपाईमा, ओ परमप्रभु, म मेरो प्राण उचाल्दछु।*

*किनकि तपाई, परमप्रभु, भलो हुनुहुन्छ, क्षमा दिन तयार हुनुहुन्छ; र तपाईलाई पुकार्ने हरेकमा तपाई पर्याप्त कृपा राख्नुहुन्छ।*

*हे प्रभु, मेरो प्रार्थनालाई, सुन्नुहोस्;...मेरो बिन्तिको आवाजमा ध्यान दिनुहोस्।*

*मेरो संकटको दिनमा म तपाईलाई पुकार्दछु: किनकि तपाईले मलाई जवाफ* दिनुहुनेछ।

ओ, के यो सुन्दर छैन? "तपाईले मलाई जवाफ दिनुहुन्छ।"

*हे परमप्रभु, देवहरुमा तपाई जस्तो कोहि पनि छैन; न त त्यहाँ कुनै तपाईको* जस्तो काम *नै छ।*

*सबै जातीहरु जसलाई तपाईले बनाउनुभयो तिनीहरु आउनेछन् र तपाईको आराधना गर्नेछन्, ओ प्रभु;* तपाईले *आफ्नो नाम महिमित* पार्नुहुनेछ।

*किनकि तपाई महान हुनुहुन्छ, र आश्चर्यका कामहरु गर्नुहुन्छ: तपाई मात्रै परमेश्वर हुनुहुन्छ।*

अब सुन्नुहोस्:

*मलाई तपाईको मार्ग सिकाउनुहोस्, हे परमप्रभु; म—म तपाईको सत्यतामा हिड्नेछु: तपाईको नामको भयमा मेरो हृदयलाई एकताबद्ध गर्नुहोस्।* (एकता! हेर्नुहोस्?)...*तपाईको नामको भयमा मेरो हृदयलाई एकताबद्ध गर्नुहोस्।*

32 म अहिले *एकता* र *समयको चिन्हको* बारेमा बोलिरहेको छु। अब सन्त मत्तीको १६ औ पदमा:

*फरिसीहरू र सदुकीहरू येशूकहाँ आए...परीक्षा लिन चाहन्थे, उहाँ परमेश्वरबाट आएको हो भन्ने प्रमाणको निम्ति चमत्कार देखाउन* विन्ती गरे।

र *उहाँले जवाफ दिएर तिनीहरुलाई भन्नुभयो, जब साँझ पर्छ,* तिमीहरु *भन्छौ,* म...*यो उचित मौसम हुनेछ: किनकि आकाश रातो छ।*

*र बिहानमा, यो कम हुनेछ...आज आँधी चल्नेछ: किनकि आकाश रातो र अन्धकार छ। ओ* तिमी *पाखण्डीहरु,* तिमीहरुले

*आकाश हेरेर संकेत बुझ्न सक्छौ; तर तिमीहरुले* समयको *चिन्हहरु बुझ्न* सक्दैनौ?

यस वचन पढाईमा परमेश्वरले उहाँको कृपालु आशिषहरु थप्नुभएको होस्।

33 अब, हामीहरु यो एकताको बारेमा बोलिरहेका छौ, एकताको समय; एकताको समयको चिन्ह। हेर्नुहोस्, येशू यहाँ हुनुहुन्थ्यो, यो अन्तिम धर्मशास्त्रको पढाईमा, उहाँले धर्मगुरुहरुलाई समय वा समयको चिन्हलाई चिन्न नसकेकोमा हप्काईरहनुभएको थियो। अब, त्यो सधै मानिसहरुको लागि महान कुरा भएको छ, हेर्नुहोस्, *तपाई जिईरहेको समयको चिन्ह* थाहा पाउन सक्षम हुनु; किनभने परमेश्वरले यसलाई स्पष्ट लेख्नुहुन्छ ताकी कोहि पनि यसबाट नउम्कियोस्।

34 अब, सामान्यतया, म फर्केर जान्छु र अन्य सेवकहरुबाट टिप्छु, बाईबलको समयमा भएको परमेश्वरको अन्य दासहरुबाट लिन्छु (जस्तो नोआको समय, दानिएलको समयको चिन्ह र—र अन्य त्यस्तै, विभिन्न चिन्हहरु), तर म आज राति समय बचाउनको लागि—त्यसलाई छोड्नेछु, यो सक्षम हुन...तर यो सधै परमेश्वरको तरिका भएको छ, तिनीहरुलाई—समयको एउटा प्राकृतिक चिन्ह दिने, ताकी सबैजनाले जानून् कि यो कुन—समय थियो भनि। र यी फरिसीहरुले आफ्नो समय चिन्नुपर्ने थियो। तिनीहरुले कुन समय थियो भनि थाहा पाउनुपर्ने थियो। उहाँले अर्को ठाउँमा भन्नुभयो, "यदि तिमीहरुले मलाई चिनेको थियौ भने, तिमीहरुले मेरो दिन चिन्ने थियौ।" बुझ्नुभयो? यो—यो एकदम, एउटा—एउटा महान कुरा हो जुन हामीले बुझ्छौ। हेर्नुहोस्, "समझ बिना!"

35 त्यहि नै हो जुन तिनीहरुले सधै अगमवक्ताहरुको बारेमा उल्लेख गर्थे, तिनीहरुले भने, "र परमप्रभुबाटको दर्शनबाट, उनमा समझ थियो। र परमप्रभुको वचन पुरानो समयको अगमवक्ताहरुमा—आयो।" हेर्नुहोस्, परमप्रभुको वचनबाट, अगमवक्ताद्वारा तिनीहरुमा समझ थियो। र त्यसपछि, अगमवक्ताले एउटा चिन्ह दिन्छन्। जस्तो, एउटा मानिस आफ्नो एकातर्फ लामो समयसम्म पल्टियो, त्यसपछि एकतर्फी फर्कियो र पल्टियो। एउटा मानिसले आफ्नो लुगा फुकाल्नुपर्यो। र ओ, त्यहाँ धेरै कुराहरु छन् जुन तिनीहरु जिईरहेको समयको चिन्ह देखाउनको लागि तिनीहरुले गरे। र अब हामीलाई थाहा छ कि परमेश्वर जसले स्वर्ग र पृथ्वी सृजनुभयो, र—

र आफ्नो कार्य राख्नुभयो जसले उहाँको समयलाई चिन्हद्धारा व्याख्या गर्दछ, उही परमेश्वर आज जिउनुहुन्छ। हामीहरु केहि, हुनुपर्दछ...हामीहरु बाँचीरहेको समय—जसै हामीले देख्छौ, त्यहाँ केहि कुरा हुनुपर्छ जुन कसैले वेवास्ता गरिरहेको छ, कतै। बुभ्नुभयो? किनभने परमेश्वरले कहिल्यै पनि हामीलाई एउटा निश्चित चिन्ह नदिकन यी कुराहरु हुन दिनुहुन्न, कि जहाँ, जुन—जुन हामीले बुभ्केका छौ।

36 अब यहाँ आज यो कुरा छ, कि धर्मगुरु, हामीले यसलाई सहि तरिकामा पढ्दैनौ। यो त्यसबेलामा जस्तै नै छ, तिनीहरुले यो समय हो भनि सोचेनन्। तिनीहरु—तिनीहरुले सोचेकी त्यसबेला तिनीहरु राम्रै शान्तिमा जिईरहेका थिए, र त्यसैले तिनीहरुले मसिहलाई खोजिरहेका थिएनन्। र येशूले भन्नुभएको थियो कि उहाँको आगमन "रातमा आउने चोर जस्तै हुनेछ," जब—जब मानिसहरु उहाँको आगमनको लागि असावधान हुनेछन्। तर त्यहाँ केहि कन्याहरु थिए जो उहाँलाई भेट्नलाई गए, तिनीहरु आधा थिए, तिनीहरुको बत्तीमा तेल थियो र तिनीहरु तयार थिए; तिनीहरुले त्यो चिन्हको लागि हेरिरहेका थिए। र उनीहरुसंगै आजराति म बोलिरहेको छु, हेर्नुहोस्, तिनीहरु जसले अहिले चिन्हको लागि हेरिरहेका छन्, उहाँको आगमनको चिन्ह।

37 यी चिन्हहरु दिईएको छ, परमप्रभुद्वारा, यो केवल विश्वासीको लागि दिईयो। अविश्वासीले यो कहिल्यै देख्दैन। तिनीहरु ठिक त्यसको माथिबाट जान्छन्, र पनि तिनीहरुले यो देख्दैनन्। र अब, उत्तिकै पक्का जत्तिको परमेश्वरको त्यो स्वर्गदूत आज राति यस मंचमा उभिनुहुन्छ, ठिक उत्तिकै—वास्तविक जत्तिको मैले तपाईलाई हेरिरहेको छु, र मैले यसमा हेरिरहन सक्छु; वा तपाईले यसमा हेरिरहनसक्नुहुन्छ र मैले यो देख्दिन, वा मैले यसमा हेर्छु र तपाईले यो देख्न सक्नुहुन्न। अब, तपाईलाई त्यो धर्मशास्त्र संबत छ भन्ने कुरा थाहा छ; त्यो एकदम सत्य हो। तिनीहरुले देखे... तपाईलाई थाहा छ पावल घुडामा टेके, तर तिनीहरु...कसैले पनि त्यो ज्योति देख्न सकेनन्।

38 त्यो ज्योति ठिक त्यहाँ थियो जब यूहन्ना मान्छेहरुको भीड अगाडि उभिएका थिए, र त्यहाँ किनारमा हजारौ थिए, ती धार्मिक गुरु र—र ऋषिहरु, महान पुरुषहरु। र यूहन्नाले भने, आफैलाई, उनले परमेश्वरको आत्मा ढुकुर भैँ तलतिर आउदै गरेको र उनी माथि ओर्लिरहेको साक्षी

दिए, र एउटा आवाजले भन्यो, "यिनी मेरा प्रिय पुत्र हुन् जसमा म अति नै प्रसन्न छु।" र यो यूहन्नाले बाहेक अरु कसैले देखेनन्। बुझ्नुभयो? यो केवल उनको लागि मात्रै थियो।

39 के तपाईले ध्यान दिनुभयो, ज्ञानी मानिसहरुलाई चिन्ह कति सुस्पष्ट थियो? तिनीहरुले हेरे, त्यहाँ थियो...तिनीहरु हिब्रूहरु थिए। तिनीहरु वास्तवमा भारतीय खगोलविद्हरु थिएनन्, तिनीहरु हिब्रूहरु थिए; किनभने तिनीहरुको शिक्षा पूरा गर्नको लागि, तिनीहरु त्यहाँ माथि देशमा खगोलविद् अध्ययन गरिरहेका थिए। र जब तिनीहरु थिए...यरूशलेम तर्फ हेरे, र तिनीहरुले ती तिनवटा ताराहरु देखेको जानेर तिनीहरु प्रत्येकको—जन्म–मार्गबाट, जुन हाम, शेम, र येपेत, जसको वंशबाट तिनीहरु आएका थिए, हरेक, र तिनीहरुले ती ताराहरु तिनीहरुको जन्म–मार्गमा देखे। त्यो तिनीहरुको लागि चिन्ह थियो, कि जब ती ताराहरु रेखामा थिए, कि मसिह पृथ्वीमा हुनुहुन्थ्यो।

40 ओ, मेरो! कुनै आश्चर्य छैन कि तिनीहरु आए, "उहाँ कहाँ हुनुहुन्छ? उहाँ कहाँ हुनुहुन्छ जो यहूदीहरुको राजा भई जन्मनुभएको छ? हामीले पूर्वमा उहाँको तारा देख्यौ, र उहाँलाई पूज्न आएका छौ। उहाँ कहाँ हुनुहुन्छ?" तिनीहरुलाई थाहा थियो कि त्यस शिशु मसिह कतै सुतिरहेको थियो, किनभने परमेश्वरले तिनीहरुलाई समयको चिन्ह दिनुभएको थियो, कि परमेश्वर र मानिसहरु एकसाथ एकताबद्ध हुँदै थिए। कस्तो एकता, जब परमेश्वरले आफैलाई एउटा मानव शरीरमा एकता गर्नुभयो! सिद्धान्त, सबै एकताहरु मध्येको सबै भन्दा महान जुन कहिल्यै भएको छ, त्यो जब परमेश्वर मानिससंग हुनुभयो; र उहाँले—परमेश्वर हुनुको आफ्नो महान तनाव छोड्नुभयो र आफ्नो पाल तन्काउनुभयो अनि मानवता लिनुभयो, र तिनीहरु मध्ये एक बन्नुभयो, तिनीहरुको उद्धार गर्नको निम्ति। एकता। त्यो के? त्यसले परमेश्वर र मानिसको विचमा सधैको निम्ति शान्ति ल्यायो। हामी कति धन्यवादी छौ।

41 र चिन्ह पठाएको थिएन...अब मात्रै सोच्नुहोस्, हरेक मानिस, र सबै खगोलविद्हरु; मानिसहरु, ती दिनहरुमा, तिनीहरुको घडी ताराहरु हुने गर्थ्यो। त्यहाँ एक पहरेदार स्तम्भको माथि—उक्लिएको थियो, र ऊ त्यहाँ माथि जान्थ्यो र हेर्थ्यो। र उसले जब निश्चित ताराहरु एउटा निश्चित तारामण्डलहरुमा हुन्छ, तिनीहरु हिडिरहेको बेलामा, उनलाई यो कुन

समय हो भनि थाहा हुन्थ्यो। तपाईले धर्मशास्त्रमा याद गर्न सक्नुहुन्छ, “यो कुन समय हो, पहरेदार?” र पहरेदार फर्केर आउछ र उनलाई यो कति बज्यो बताईदिन्थ्यो। हेर्नुहोस्, तिनीहरुले ताराहरुबाट समय राखे।

42 अब, के यो अनौठो थिएन कि ती ताराहरु ठिक ती तिन मानिसहरुको पंक्तिमा थियो र अरु कसैले यो देखेनन्? बुझ्नुभयो? ठिक रेखामा थियो। अब, तपाई धर्मशास्त्रमा यति धेरै रेखा अनुरूप हुन सक्नुहुन्छ। बुझ्नुभयो? जब ती ताराहरु एकतामा बने, यस तारामण्डलमा आफैलाई संगै एकतामा राखे, तिनजना मानिसहरु पनि उही समयमा एकतामा आए। र यी कुराहरु वास्तविकता नबनेसम्म, तपाई परमेश्वरसंग यति एकतामा हुन सक्नुहुन्छ, उहाँको वचनमा, र तपाईले तिनीहरुलाई देख्न सक्नुहुन्छ र तिनीहरु सत्य हुन् भनेर जान्न सक्नुहुन्छ। बुझ्नुभयो? समयको चिन्ह! तपाईले ठिक यसको टुप्पोबाट हेर्न सक्नुहुन्छ, भन्नुहुन्छ, “अ, वाहियात!”

43 तर *तपाईको* लागि यो वाहियात होइन। तपाईको लागि, तपाई वचनसंग एकतामा हुनुहुन्छ, र यहाँ यो छ। तब यो—यो वास्तवमा ज्योति हो, भाई प्याट, जब—जब—जब—जब तपाईले यो चिन्ह विश्वासीसंग एकताबद्ध भएको देख्नुहुन्छ। र म जसलाई यो सम्बोधन गर्दैछु, उहाँहरु विश्वासी हुनुहुन्छ, किनकि अविश्वासीले यो कहिल्यै पनि देख्दैनन्। र आज उहाँ पृथ्वीमा हुनुहुन्थ्यो भने, आज हाम्रा धेरै धर्मगुरुको लागि कति ठूलो ताडना हुनेथियो, जसले यो चिन्ह पढ्न सक्दैनन्; चिन्हहरु जुन हामीले यहाँ मण्डलीमा दैनिक पढिरहेका छौ, र यस्ता कुराहरु देखिरहेका छौ। र अरुहरुले यो पढिरहेका छन् र भित्तामा हस्तलेखन देखिरहेका छन्, र अझै पनि धेरैले यसलाई वेवास्ता गर्छन, र यसलाई देख्नसम्म सक्दैनन्। यो तिनीहरुको लागि केहि पनि होइन; तिनीहरुले यो याद गर्दैनन्।

44 अब ध्यान दिनुहोस्, कि यसमा, कि उहाँ—उहाँले राष्ट्रिय चिन्हहरु औल्याउनुभयो। अब, जब तिनीहरुले यसको बारेमा उहाँलाई सोधे, तिनीहरुले चिन्हहरु खोजे; र उहाँले तिनीहरुलाई त्यो चिन्हहरु दिनुभयो जुन पूरा भयो। र तिनीहरुले संसारको अन्त्य कहिले हुनेछ, अन्त्यमा के चिन्ह हुनेछ भनि जान्न चाहान्थे। र उहाँले तिनीहरुलाई धर्मशास्त्रबाट धेरै ठाउँमा राष्ट्रिय चिन्हहरुको बारेमा औल्याउनुभयो, स्वर्गहरुमा स्वर्गीय चिन्हहरुको बारेमा, र पृथ्वीको चिन्ह; उहाँले तिनीहरुलाई चिन्हहरु, चिन्ह, चिन्हहरु दिनुभयो, केवल लगातार एउटा चिन्ह दिनुभयो। र

जब...उहाँले तिनीहरुलाई त्यहाँ एउटा ठाउँमा एउटा राष्ट्रिय चिन्हको बारेमा बताउनुभयो। उहाँले भन्नुभयो, "जब तिमीहरुले राष्ट्रहरु देख्नेछौ," हेर्नुहोस्, "यरूशलेमको वरपर जम्मा हुन थाल्छन्," हेर्नुहोस्, तब हामीलाई थाहा हुन्छ कि तिनीहरुको समस्याको समय नजिकै छ, "जब तपाईले यरूशलेममा सेनाले घेरा लगाउनेछन्।"

45 अब, तिनीहरुले यो गर्न सक्नुभन्दा अगाडि, परमेश्वर...संसार एकतामा आउनुपर्छ। टाईटस, महान रोमन सेनापतिले, उनको सेनालाई एकसाथ एकतृत गराएर चारैतिर आउनु थियो, यी यहूदीहरुले उनीहरुको समयमा परमेश्वरले दिनुभएको चिन्हलाई उनीहरुले इन्कार गरे पश्चात। त्यहि समय हो जब टाईटसले आफ्नो सेनाहरुलाई एकसाथ एकतामा ल्याए, र शहरलाई कब्जा गर्न आए। पहिलो त्यहाँ वचनको विरुद्धमा परमेश्वरको मानिसहरुको (तथाकथित) एकता हुने काम हुनुपर्दछ, जुन राष्ट्रहरुले परमेश्वरको मानिसहरुको विरुद्धमा आफैलाई एकजुट गराउनभन्दा पहिले हो। हेर्नुहोस्, एक—एक—एकता, एकतृत हुने; संगै एकतृत हुँदै।

46 म विश्वास गर्छु कि हामीहरु एउटा महान एकताको समयमा जिईरहेका छौ। म यी राता बत्तीहरु तल लिईरहेको छु, र फ्ल्यास संकेतहरु र सबैकुराहरु (महिलाहरुको, तिनीहरुले कसरी गर्छन्; र पुरुषहरु, तिनीहरुले कसरी गर्छन्; र मण्डलीहरु, तिनीहरुले कसरी गर्छन्), यो सानो समूहलाई देखाउदै, मेरो सम्पूर्ण हृदयले, कि म विश्वास गर्छु कि हामीहरु परमेश्वरको वचनको रेखामा पंक्तिबद्ध हुँदैछौ यस महान भविष्यसूचक घडीमा, ठिक प्रभु येशूको आगमनभन्दा अगाडि; सबै एकतामा आउदै र तयार हुँदै।

47 अब, तपाई देख्नुहुन्छ, टाईटसले राष्ट्रहरुलाई एकतृत गराउनुभन्दा पहिला...उसको सेनाहरु संगै, इस्राएलले येशूलाई मसिह भनि विश्वास नगर्न, आफैलाई एकतामा राख्यो र आफैलाई एकजुट बनायो। तिनीहरुले उहाँलाई इन्कार गरे, र उहाँलाई अस्वीकार गरे, र उहाँलाई क्रूसमा टाँगे। र त्यसपछि, जब तिनीहरुले तिनीहरुलाई पठाईएको मुक्तिलाई इन्कार गरे, तिनीहरुले आफैलाई यो गर्नको निम्ति एकसाथ एकतामा ल्याए। अब, त्यो दिमागमा राख्नुहोस्: आफैलाई एकसाथ एकतृत गर्दै, त्यस घडीको सन्देश इन्कार गर्न! तिनीहरुले त्यो गर्नुपर्थ्यो। र त्यसपछि जब तिनीहरुले त्यसो गरे, तब राष्ट्रिय चिन्ह भित्र आयो।

48 राष्ट्रहरुले आफैलाई एकसाथ एकतामा ल्याउन शुरू गरे, र टाईटसले आफ्नो रोमी र ग्रीकहरुका महान सेनाहरुलाई ल्याए र यरूशलेमको पर्खालहरुलाई घेरे, अब त्यहाँ ती मानिसहरुलाई खटाए, र तिनीहरु मर्ने गरी भोकमरीमा गए। तिनीहरुले रूखबाट बोक्रा खाए। जोसेफस, महान इतिहासकारले, हामीलाई भन्छन्। र तिनीहरु मैदानको घाँसहरु खाए। तिनीहरुले एकअर्काको बच्चाहरुसमेत उमालेर खाए; हेर्नुहोस्, किनकि तिनीहरु पागल मानिसहरु थिए। र त्यसपछि जब, अन्तमा, टाईटस, उनी पहाडमा पछाडि, त्यहाँ यरूशलेमको वरपर बसे, र—र ती मानिसहरुले सोचेका थिए कि तिनीहरुले परमेश्वरको इच्छा पूरा गरिरहेका थिए, जब तिनीहरुले यी सेनाहरु आउदै गरेको देखे। तिनीहरुले महान गुरुबाट सुन्नलाई अस्वीकार गरे, प्रभु येशू, जसले तिनीहरुले त्यो भन्नुभएको थियो।

49 त्यहाँ एउटा पनि इसाई समातिएको थिएन, किनकि तिनीहरुले चिन्ह देखे र त्यहाँबाट गएँ। बुझ्नुभयो? तिनीहरुले भने, “घरको छतमा भएका हरुलाई तल आउन नदेओ, वा खेतमा भएकाहरुलाई फर्केर त्यहि जाओ, उसको कोट नलेओ; तर यहूदा तर्फ भाग, र प्रार्थना गर कि तिमीहरु जाने हिउँदको समय वा शबाथ नहोस्।” किनभने, हिउँदको समय, पहाडहरु—हिउँले भरिएको हुनेछ; र शबाथको दिनमा, द्वार—द्वारहरु बन्द थियो, ढोका, र तिनीहरु त्यस अवस्थामा समातिने थिए। बुझ्नुभयो? यदि प्रभुको इच्छा भए, हामीहरु त्यस बिषयमा चाडैनै जानेछौ...कसरी परमेश्वरले ती कुराहरु गर्नुभयो।

50 अब ध्यान दिनुहोस्, उहाँ...तिनीहरुले त्यसो होस् भनि प्रार्थना गरेका थिए...त्यस तरिकामा नहोस्, येशूले त्यसको लागि प्रार्थना गर्नलाई भन्नुभयो, र तिनीहरुले त्यहाँ मध्ये एक जनालाई पनि कहिल्यै पक्रेनन्। तिनीहरु गईसकेका थिए किनकि तिनीहरु चिन्हलाई हेरेका थिए, र तिनीहरु गईसकेका थिए; त्यो सबै त्यहाँ थियो।

51 ओ, कसरी आजका मण्डलीहरुले हामी बाँचिरहेको समयको चिन्हलाई देख्नुपर्छ! जीवनको लागि कलवरीमा जति सक्दो बलले भाग्नुहोस्; कुनै मण्डलीको लागि होइन, तर येशू ख्रीष्टमा। आफैलाई उहाँसंग एकताबद्ध गर्नुहोस्, र कुनै संस्था वा कुनै मण्डलीको सिद्धान्तमा होइन। ख्रीष्टसंग एकतामा हुनुहोस्, र यो उहाँमा हो भनि निश्चित हुनुहोस्। तपाईले केहि पनि लिन सक्नुहुन्न, यो उहाँ हुनुहुन्छ भनि तपाई सकारात्मक हुनुपर्दछ। कति

राम्रो मिलनको समय!

52 अब, हामीले पाउछौ कि तिनीहरुले मसिहलाई इन्कार गरे र तिनीहरुले आफैलाई एकताबद्ध बनाए र आफ्नै लागि एउटा संघ बनाए, र एउटा—एउटा...र तिनीहरुको बीचमा एउटा प्रस्ताव बनाए कि यदि कसैले येशूलाई एउटा अगमवक्ताको रूपमा स्वीकार गरे भने, तिनीहरु मण्डलीबाट बहिष्कृत गरिनेछ। तपाईलाई त्यो अन्धो केटो याद छ जो अन्धो थियो? र चेलाहरुले भने, "कसले पाप गरेको थियो? उसले, वा उसको बुवा, उसको आमा?"

53 र येशूले भन्नुभयो, "यस मामिलामा, कसैले गरेन; तर परमेश्वरको कार्य पूरा हुन सकेको होस्, र प्रकट गरिएको होस्।"

54 र तपाईलाई याद छ, तिनीहरुले भनेका थिए कि बुवा र आमाले केहि पनि भन्न सकेनन्। तिनीहरुले भने, "तिनीहरुलाई थाहा छ कि यो हाम्रो छोरा हो, तर ऊ कसरी निको भयो भन्ने कुरा हामीलाई थाहा छैन।" किनभने यहूदीहरुले भनेका थिए कि कुनै पनि व्यक्ति जसले उहाँलाई अगमवक्ता भनि स्वीकार गर्छन्, तिनीहरुलाई बहिष्कार गरिनेछ।

55 तर, तपाईले देख्नुहुन्छ, परमेश्वरको काम यो थियो कि यो केटा त्यो समूहको थिएन। र उसले भन्यो, "अब, यो मेरो लागि अनौठो कुरा हो कि तिमीहरुलाई थाहा छैन यो मानिस कहाँबाट आएको, र पनि उहाँले मलाई दृष्टि दिनुभयो।" बुझ्नुभयो? अब, उसले यो भन्न सक्थ्यो। हेर्नुहोस्, त्यो परमेश्वरका कार्यहरु थिए। उनी निको पारियो, र ठिक भयो, र उसले—उसले यो भन्न सक्थ्यो किनकि उसको उहाँसंग कुनै पनि तरिकामा सम्बन्ध थिएन। उनी त्यो एक थियो जसमा त्यो काम गरिएको थियो, र उसले उहाँको वास्तवमै देखे...उनको जीवनमा पहिलो पटक देखे।

56 अब, यहूदीहरुले येशूको विरुद्धमा आफैलाई एकजुट बनाए र—र उहाँको मसिहपन, र उहाँको मसिही सन्देशको विरुद्ध बनाए। हामीले उही कुरा अहिले भईरहेको देख्दछौ, उस्तै नै। साम्यवाद मण्डलीलाई नष्ट गर्नको लागि एकजुट हुँदैछ, र एक मात्र तरिका त्यो...जुन मण्डलीले आफैलाई पनि एकजुट गराईसकेसिन हुनेछ, मण्डलीहरुको परिषदमा, विश्व मण्डली परिषदमा, सन्देश, वचनलाई इन्कार गर्न र नाश गर्न! तिनीहरुले वचनलाई अस्वीकार गरे, मण्डलीले गरेका छन्! तिनीहरुले यो स्वीकार गर्न सक्दैनन् किनभने यो तिनीहरुको सांगठनिक सिद्धान्तको विरुद्धमा छ; चाहे मानिसहरुको विचमा—जति सुकै आगोको स्तम्भ किन नझुण्डीयोस्,

वा जतिसुकै धेरै मानिसहरु...जति नै धेरै अगमवाणी गरिएका होस् र हुन आएको होस्, र सबै उहाँले अन्तिम दिनमा प्रतिज्ञा गर्नुभएको महान चिन्हहरु होस्; तिनीहरुले यो गर्न सक्दैनन्।

57 त्यसैकारणले, तिनीहरुले अहिले नै आफैलाई एकजुट बनाईरहेका छन्, र यहाँ तपाईको पाष्टर र धेरैले यो भन्न सक्नुहुन्छ, जसले पढिरहनुभएको छ, र तिनीहरुसंग...संसारको—विश्वव्यापी—आदोलन छ। र...त्यहाँ एउटा लूथरन सेवक हुनुहुन्छ। कि, यदि त्यहाँ विपत्ति आउँछ भने, यहाँ छिमेकमा हुनेछ; यदि हामी एक्युमेनिकल चालसंग एकजुट भएनौ भने, तब हाम्रो मण्डली मण्डली हुनसक्दैन, र तिनीहरुले यसलाई भण्डार कोठाको लागि प्रयोग गर्नसक्छन्। वा यदि हामी मध्ये एक भाईले कसैलाई मारिरहेको वा चोट लागेको देख्छौ, र उसलाई कुनै पनि आत्मिक आशिषले सेवा गर्न खोज्छौ बने, हामीलाई त्यसको लागि गोली हानिन सक्छ; एकदम सहि हो। हामीलाई कुनै पनि सेवा गरेमा संघीय जेलमा दस वर्षसम्म राख्न सक्छ, किनभने हामी यो एक्युमेनिकल चालको सदस्य होइनौ। के तपाईले पशुको छाप देख्नुहुन्न? बुझ्नुभयो? बुझ्नुभयो?

58 अब, हामीले यो एकताको समय आईरहेको देख्छौ। बुझ्नुभयो? अब, हेर्नुहोस्! र त्यसपछि मण्डलीले आफैलाई सन्देशको विरुद्धमा एकजुट गरेको छ; र त्यसपछि यसले यो गर्छ, देशहरुले मण्डलीलाई नष्ट गर्न आफैलाई साम्यवादमा एकजुट गर्दैछ; ठिक उस्तै नै जस्तो यसले पहिलो ठाउँमा गरेको थियो। बुझ्नुभयो? यसले फेरी पनि आफैलाई दोहोर्याउछ।

59 इस्राएलले पहिला सन्देशलाई इन्कार गर्नुपर्छ। र जब तिनीहरुले सन्देश इन्कार गर्छन्, त्यसपछि सेना, राष्ट्रिय जीवनले आफैलाई संगै एकजुट गर्छ (अन्य राष्ट्रहरु), र भित्र आए र मण्डलीलाई नष्ट गरे। र आज, तिनीहरुले प्रभु येशूको सन्देशलाई अस्वीकार गरे, र तिनीहरुले यसलाई इन्कार गरे। र अब, समय आएको छ जहाँ साम्यवाद मण्डलीको विरुद्ध संसारसंग एकजुट भईरहेको छ। हेर्नुहोस्, यो त्यस तरिकामा हुनुपर्दछ। अब, यो भन्न गाह्रो छ।

60 यो ती यहूदीहरुको लागि विश्वास गर्नलाई गाह्रो थियो। तिनीहरुले भने, "अब आऊ, दाजुभाईहरु, हामीले देख्छौ कि—कि हाम्रो—हाम्रो परमेश्वर हामीहरुसंग हुनुहुन्छ, र त्यसैले हामी—हामीहरु मन्दिरमा जानेछौ। र अब हामीहरु प्रार्थना गर्नेछौ, र पवित्र पितालाई *यस्तो-र-यस्तो* र पवित्र पिताले प्रार्थनामा *यस्तो-र-यस्तोमा* अगुवाई गर्नेछ। ढोका बन्द!" र टाईटसले

आफ्नो अडान लियो, र ठिक त्यहाँ एक वा त्यो भन्दा बढि वर्षसम्म रहे। हेर्नुहोस्, ठिक पहरामा, र तिनीहरुलाई भोकै मारे। त्यहाँ मध्ये एकजना पनि शहरबाहिर जान पाएनन्; र तिनीहरु मरे, भोकभोकै। र जब उनी त्यहाँ भित्र गए र पर्खालहरु भत्काए, रगत बग्यो र नदी भैं बग्यो जहाँ उनले त्यहाँ भएका सबैथोकलाई मारे।

61 अब, परमप्रभुको स्वर्गदूतले त्यो अगमवाणी गर्नुभयो, पछाडि पुरानो करारमा, र त्यो हुनेछ भनि भन्नुभयो। र ती सेवकहरु, जो धर्मगुरुहरु थिए, जो त्यहाँ खटाईको थियो र मानिसहरुलाई त्यो बताउनुपर्ने थियो, त्यसको सट्टामा, जब तिनीहरुको बीचमा येशू खडा हुनुभयो, तिनीहरुले उहाँलाई समेत चिनेनन्; र एउटा—एउटा बनाउन खोजे...कुनै तरिकाको एउटा—एउटा खरायोको खुट्टा, "हामीलाई एउटा जादू गर, हामीलाई हेर्न देऊ यो कसरी—यो कसरी गरिन्छ भनि! हामीलाई एउटा चिन्ह देखाऊ।" बुझ्नुभयो?

र उहाँले भन्नुभयो, "म..." किन, उहाँले कति धेरै कामहरु गर्नुभयो, र अझै पनि तिनीहरुले यो देख्न सकेनन्। बुझ्नुभयो? र जब तिनीहरुले उहाँलाई इन्कार गरे...त्यस दिनको सन्देशलाई, तिनीहरुले त्यस दिनको सन्देशलाई इन्कार गरे।

62 तिनीहरुले त्यस दिनको चिन्हलाई देख्न असफल भए। र तिनीहरुको अगाडि बाईबलको अगमवाणीको—चिन्ह बनाईएको थियो, र तिनीहरुले भने, "आओ अब भित्र जाऔ!" तिनीहरु पवित्र मानिसहरु थिए। तिनीहरु ती मानिसहरु थिए जसको जीवनलाई तपाईले दोष औंल्याउन सक्नुहुन्न थियो। तिनीहरु *त्यो* हुन सक्दैन थिए, र त्यसपछि—र त्यसपछि एउटा—एउटा—एउटा पूजारी। एउटा पूजारी मारिन्थ्यो, ऊ कुनै पनि सानो गल्ती कुराको लागि ढुङ्गाले हानेर मारिन्थ्यो। त्यसैले उसले एउटा शुद्ध, पवित्र जीवन जिउनुपर्थ्यो। उसले यो गर्न सक्दैन थियो, किनभने उसलाई कुनै पनि कुराको लागि ढुङ्गाले हानिन्थ्यो। र अब तिनीहरु महान मानिसहरु थिए, र मानिसहरुको नजरमा पवित्र मानिसहरु थिए, र पनि तिनीहरु भित्र गए र भने, "अब, हामीहरु...हामीसंग परमेश्वर छ, परमेश्वर जो हामीसंग युगौदेखि साथ हुनुहुन्छ। हामीहरु उहाँको पवित्र मन्दिरमा जानेछौ।" त्यो परमेश्वरको पवित्र मन्दिर हो! तर, तपाई देख्नुहुन्छ, उहाँलाई उहाँको पवित्र मण्डलीमा अस्वीकार गरियो। हेर्नुहोस्? "हामीहरु परमप्रभुको घरमा

जानेछौ। अब तिमीहरु सबै हिब्रूहरुलाई थाहा छ हामीहरु चुनिएका जाति हौँ, हामी हौ, यहाँ। र परमेश्वर हाम्रो परमेश्वर हुनुहुन्छ; अब्राहाम, इसाहाक, र याकूबको परमेश्वर। उहाँ हामीसंग हुनुहुन्छ। उहाँले हामीलाई खतना नभएका फलिश्तीहरुबाट छुटकारा दिनुहुनेछ (जस्तो यो थियो), ती रोमन र ग्रीकहरुबाट। उहाँले हामीलाई त्यसबाट छुटकारा दिनुहुन्छ। आओै परमप्रभुको घरमा जाऔं!"

63 त्यो राम्रो सुनिन्छ; तर तिनीहरुले के गरे? घरको निर्माणकर्ता त्यहाँ हुनुहुन्थ्यो, एउटा सानो गालिली सिकर्मीको रूपमा, र तिनीहरुले उहाँलाई इन्कार गरे; जब परमेश्वरले उहाँलाई त्यस घडीको सन्देसवाहक, र हाँगाको रूपमा प्रमाणित गर्नुभएको थियो। र तिनीहरुले यसलाई अस्वीकार गरे। त्यसैले सबै प्रार्थनाहरु, र सबै इमानदारीता, सबै तिनीहरुका बलिदानहरुले परमेश्वरको लागि कुनै अर्थ राख्दैन थियो। तिनीहरुले यो गरेका थिए! र परमेश्वरले यो महान सेनालाई यो नष्ट पार्नको निम्ति एकजुट हुन दिनुभएको थियो।

64 र आज हामीले देख्छौ, मण्डलीबाट र संगठित मण्डली र त्यस्तैमा, परमेश्वरको वचनलाई अस्वीकार गरेका छन्। तिनीहरुले तपाईलाई यी कुराहरुको बारेमा बताओस् भन्ने चाहदैनन्, र विज्ञानले तस्बिरहरु र अन्य थोकहरुबाट यसलाई प्रमाणित गर्न सक्छ, र अझै पनि तिनीहरुलाई यससंग केहि सरोकार छैन। त्यसैले साम्यवाद यसलाई नष्ट गर्नको लागि बनिरहेको छ, ठिक उस्तै गरी जस्तो टाईटसले गरेको थियो, र तिनीहरुले यो गर्नेछन् भनि बाईबलले भनेको छ। ठ्याक्कै!

65 अब, तपाई देख्नुहुन्छ कि हामी कहाँ जिईरहेका छौ? एकताको समयमा, जब हामीले यी कुराहरु एकताबद्ध भईरहेको देख्दछौ। ओ, किन हामी यी कुराहरु देख्न असफल हुन्छौ? तपाई—तपाईले यहाँ धर्मशास्त्रमा हेर्न सक्नुहुन्छ र के उहाँले गर्नुहुनेछ, उहाँले त्यो कहाँ प्रतिज्ञा गर्नुभएको हेर्न सक्नुहुन्छ। अब, हामीले यो पूरा भईरहेको देख्छौ। उहाँ गर्छु भनि प्रतिज्ञा गर्नुभएको कुरा हामीले मण्डलीमा देख्न सक्छौ; हामीले यो पूरा भईरहेको हेर्न सक्छौ। हामीले राष्ट्रहरु संगै एकतामा आएको देख्छौ। हामीले वादहरु एकजुट भएको देख्छौ। हामीले मण्डलीहरु एकसाथ एकतामा आएको देख्छौ। यो एकता हुने समय हो। यो एकताको घडी हो। त्यो आत्माको युग हो, "हामीहरु एकतामा हुनुपर्छ।" तपाईले बोलिरहनुभएको सबैकुरा

व्यवस्थित हुनुपर्दछ; यद्धपि सरकारले यसलाई ग्रहण गर्दैन।

66 तपाईलाई थाहा छ, एक नागरिकको रूपमा...एउटा नागरिकको रूपमा म सक्दिन, संयुक्त राज्यको एउटा नागरिकको रूपमा, यद्धपि म—म... तपाईले मलाई एउटा पाँच डलरको चेक दिनुहुनेछ र यसमा मेरो नाम राख्ने आँट म गर्दिन। हम। हेर्नुहोस्, म यो गर्न सक्दिन। हेर्नुहोस्, यो एउटा एकताको समय हो। यो सबै कुनै तरिकाको मिलनको माध्यमबाट जानुपर्छ, र त्यहि एकताले पशुको छाप ल्याउँछ। बुझ्नुभयो? यो एउटा एकताको समय, र यो त्यसमा काम गरिरहेको छ। तपाईले आफ्नो नाङ्गो आँखाले नै यो देख्न सक्नुहुन्छ, यदि तपाई यसलाई हेर्नुहुन्छ भने। यो एकताको समय हो, जहाँ सबैकुरा संगै एकताबद्ध हुन्छ।

67 यहूदी—यहूदीहरुले आफैलाई येशूको, तिनीहरुको—तिनीहरुको मसिह अस्वीकार गर्नलाई एकजुट बनाए। त्यसैले, के भयो हामीले देख्न सक्छौ। हामीले अहिले उही कुरा देख्छौ, साम्यवादले मण्डलीलाई नष्ट पार्नको लागि एकजुट हुँदैछैन्, मण्डलीले आफैलाई विश्व मण्डली परिषदसंग एकजुट गराएपछि र सन्देशलाई, परमेश्वरको वचनलाई नष्ट गर्न कोशिष गरेपछि। तिनीहरुले यसबाट छुटकारा पाउन प्रयास गर्छन्। तिनीहरुले गर्न सक्ने एकमात्र काम भनेको आफैलाई परिषदमा ल्याउने, किनभने कि तिनीहरु अलग छन्; एउटा सानो समूह यहाँ, मेथोडिष्ट, र ब्याप्टिष्ट, र लूथरन, र प्रेस्बिटेरीयन, चर्च अफ क्राईष्ट, र त्यस्तै नै अन्य। तिनीहरुले केहि पनि गर्न सक्दैनन्, किनकि *यो यसको* विरुद्धमा हुनेछ, *यो* चाहि *अर्कोको* विरुद्धमा आउनेछ, तिनीहरुको सिद्धान्त उत्तिकै फरक छ जत्तिको पूर्व पश्चिमबाट छ। हेर्नुहोस्, यिनीहरुले यो गर्न सक्दैनन्। तर एक पटक संगै, एउटा ठूलो टाउको मुनि, तिनीहरुले यो पाए। तिनीहरुले त्यसबेला यो पाए।

68 त्यहि नै तरिकामा क्याथोलिकहरु यति एकतामा छन्, रोमन क्याथोलिक, अवश्य तिनीहरु एकतामा छन्, तिनीहरु...बहुमत रोमन क्याथोलिक छन्; ग्रीक र अन्य क्याथोलिकहरु—रोमन क्याथोलिक जत्तिकै छैनन्। अब तिनीहरुले आफैलाई एकसाथ एकताबद्ध गराएका छन्, र त्यहि नै कारणले तिनीहरु एकसाथ उभिन्छन्। चाहे जे सुकै होस्, त्यो पप नै सबैको शीर हो। हेर्नुहोस्? र अरुले जे भने पनि, "ऊ अचुक छ; ऊ—ऊ—ऊ परमेश्वरको सट्टामा छ, त्यहि नै हो; ऊ परमेश्वरको बराबर छ; ऊसंग नरक, स्वर्ग, र शुद्धिकरणको अधिकार छ।" बुझ्नुभयो? त्यसैले

*त्यस* मामिलामा गर्न सकिने एउटा पनि कुरा छैन; जे पनि उसले भन्छ, त्यहि नै जानुपर्नेछ।

69 अब, प्रोटेस्टेन्टले तिनीहरु आफैलाई ठिक त्यसरी शीर बनाउदै छ, उस्तै नै। र बाईबलले भनेको छैन त्यहाँ पशु जस्तो एउटा प्रतिमा थियो? एउटा प्रतिमा भनेको के हो? यो केहि यस्तो हो, उस्तै बनाईएको। त्यहाँ यो छ, उही कुरा हो। यो के हो? तिनीहरुले आफैलाई एकजुट गराएर, र यो आत्माको युग हो, जुन *एकतामा* छ।

70 अहिले संगै एकजुट हुँदै, सन्देशलाई नष्ट गर्न खोज्दै। कसरी तिनीहरुले यो नष्ट गर्छन्? कसरी तिनीहरुले परमेश्वरको वचनलाई नष्ट गर्न सक्छन्? तिनीहरुले यसलाई प्रभावहिन बनाउन सक्छन्, प्रभावहिन, तिनीहरुले शुरूमा गरेको जस्तै गरी परम्पराहरुलाई लिएर, अनि परमेश्वरको वचनलाई प्रभावहिन बनाएर। हेर्नुहोस्, तिनीहरुले भन्छ, "ओ, त्यो...वास्तवमै, आखिरमा..." तपाई देख्नुहुन्छ कहाँ यस अविश्वासी महिला जो कोशिष गर्दैछिन्...उनी...मैले उनको नाम के हो अहिले भुले; मैले याद गर्न सके त। उनी...मैले धेरै सोच्न खोजे।

71 मैले अर्को दिन यो श्रीमती. राष्ट्को बारेमा सोचिरहेको थिए; म चाहन्छु कि हामीसंग यस्तै अर्को उठ्ने हो भने। उनी त्यहि थिईन् जो बारको कोठामा गईन् र ह्विस्की तोडिन्, र चिन्हहरु र त्यस्ता सबै चिजहरु बाहिर फालिन्। किन आज कोहि नारी यसरी उठ्दैनन्, र यहाँ बाहिर गएर यी आफ्नै जातका यी महिलाहरुको केहि नग्न चित्रहरु च्यात्ने, र त्यस्ता कुरा गर्दैनन्? त्यो, तिनीहरुसंग यो कति पनि छैन।

72 अब, तर यो महिला, अविश्वासी, जसले त्यो—त्यो भनिन् "बाईबल सार्वजनिक विद्यालयमा पढ्नको लागि, असंवैधानिक छ," र त्यस्तै कुराहरु।

73 अब तिनीहरु पनि, के तपाईले फेरी याद गर्नुभएको छ, तिनीहरुले अहिले भन्न खोजिरहेका छन्, र धर्मशास्त्रको महान अध्ययनकर्ताहरु, त्यो भन्नुभयो "धेरै जसो बाईबलमा भएका भविष्यवाणीहरु जुन भविष्यवाणी गरिएको त्यो बिल्कुल गलत थिए, र कहिल्यै पनि पूरा हुन आएन।" र तपाईले त्यो सुन्नुभएको छ र पढ्नुभएको छ। र तिनीहरुले सबैकुरा भन्न खोज्दैछन्; तपाई देख्नुभयो, तिनीहरुले त्यो वचनको प्रभावलाई नष्ट गर्न खोजिरहेका छन्। यदि तिनीहरुले यसलाई केवल नष्ट गर्न सके र

यसको सट्टामा एउटा सिद्धान्त प्रतिस्थापन गर्न सके वा केहि कुरा जुन मानिसहरुसंग छ, जुन तिनीहरुको आँखामा वचन भन्दा राम्रो देखिन्छ, त्यसपछि तिनीहरुले यसलाई आफ्नो—आफ्नो परम्पराद्वारा नष्ट गर्छन्। र त्यसरी नै तिनीहरुले परमेश्वरको वचनलाई नष्ट पार्न खोजिरहेका छन्, जुन संगठित मण्डलीको राजनीतिद्वारा हो।

74 अब, हरेक मण्डलीको आफ्नै राजनीति छ। ख्रीष्टको मण्डलीको आफ्नै छ, इसाईको मण्डलीको आफ्नै छ, र ब्याप्टिष्ट, र मेथोडिष्ट, र प्रेस्बिटेरियन; तिनीहरु सबैको भिन्न राजनीतिहरु छन्। अब, तिनीहरु त्यसबाट टाढा गईरहेका छन् किनभने तिनीहरु अलग भएका छन्। हेर्नुहोस्, यो पहिला गर्न सकिदैन थियो, तिनीहरुले यो अहिले गर्नुपर्छ। हेर्नुहोस्, यो एकजुट हुने समय हो, र अहिले तिनीहरु सबैले यसलाई संगै राखेका छन् र यसलाई जम्मा गर्दैछन् र तिनीहरु के नतिजा सहित आउछन् सो हेर्नुहोस्। मेरो, यो घोडाको मासुबाट रोटि पकाउनु जस्तै हो, र क्यानबाट फोहोर जस्तै, अरु जति पनि तिनीहरुसंग थियो; र यसलाई संगै गुडाउन, र केहि सडेको आलु फाल्न र यसलाई कुराहरु संगै, र हेर्नुहोस् तपाई के नतिजा सहित आउनुहुन्छ। म पक्कै पनि यो मध्ये केहि पनि चाह गर्दिन। होइन, श्रीमान! त्यो तरिकामा तिनीहरुले गरिरहेका छन्। हेर्नुहोस्, तिनीहरुले ती मानिसहरु लिईरहेका छन् जसले येशू एउटा मिथक हुनुहुन्छ भनि विश्वास गर्छन्, एउटा मण्डली जसले येशू एक मिथक हुनुहुन्छ भनि विश्वास गर्छन्; अरुले, केहिले उहाँ एउटा अगमवक्ता हुनुहुन्छ भनि विश्वास गर्छन्।

75 एउटाले भन्छ, "आश्चर्य कर्मका दिनहरु बितिसकेका छन्।"

76 अर्कोले भन्यो, "त्यहाँ यस्तो खालको कुरा हुन सक्छ।"

77 र यो सबै संगै; र बाईबलले भनेको छ, "सहमति बिना कसरी दुईजना संगै हिड्न सक्छन्?" बुझ्नुभयो? अब, त्यस तरिकाको एकता तिनीहरुले पाएका छन्। र यसको माथि कुनै पवित्र पिता राख्नु, र त्यहाँ तपाईले पशुको एउटा मूर्ति पाउनुभयो, ठ्याक्कै बाईबलले जे भन्छ त्यहि हो। अब तिनीहरुले लूथरन सेवक पाए, यसको प्रमुख। ठिक छ, यो एकताको समय हो भनि हामीले देख्छौ। उही कुरा अहिले, साम्यवाद र सबै संगै एकजुट हुदै छन्; संसारमा, र मण्डलीमा र त्यस्तै, संगै एकजुट हुँदै।

78 प्रकृति हेर्नुहोस्। ओ, मेरो! प्रकृति, यदि तपाईले केवल प्रकृतिलाई हेर्नुहुन्छ भने, यसले उही कुरा गर्छ। प्रकृति परमेश्वरको चिन्हहरुको पात्रो

हो। के तपाईलाई त्यो थाहा छ? येशूले तिनीहरुलाई प्रकृति हेर्नको निम्ति भन्नुभयो। समुद्र गर्जनेछ, हेर्नुहोस्, त्यहाँ भिन्न कुराहरु हुनेछ, र विभिन्न ठाउँहरुमा भूकम्पहरु जानेछ, राष्ट्रिय कलह, स्वर्गमा चिन्हहरु, पृथ्वीमा चिन्हहरु, जतातती यो आउने समयको चिन्हहरु हुनेछ।

79 बादल हेर्नुहोस्। बादलले आँधीबेहरीहरु ल्याउनुभन्दा अगाडि, यो कसरी गरिन्छ भनि तपाईलाई थाहा छ? केहि साना बादलहरु जम्मा हुन्छन्, एउटा ठूलो बादल बनाउछ। ठिक छ, योसंग एउटा सानो हावाको गुच्छा उडाईरहेको हुन्छ, यो अर्कोसंग एउटा सानो हावाको गुच्छा बगिरहेको हुन्छ, र तिनीहरु सबै संगै बग्छन्, र त्यसपछि तिनीहरुले तूफान ल्याउँछन्। बुझ्नुभयो? तिनीहरुले बतास ल्याउनुभन्दा अगाडि तिनीहरु एकजुट हुन्छन्; तिनीहरु हुनुपर्दछ।

80 आफ्नो देश छोड्नुभन्दा अगाडि हाँस र गिजहरुले आफैलाई एकजुट पार्छन्। बुझ्नुभयो? तिनीहरु एकसाथ एकताबद्ध हुन्छन्। तपाईले तिनीहरुलाई यो तलाउ देखि त्यो तलाउमा उडिरहेको देख्नसक्नुहुन्छ, यहाँ देखि बाट त्यहाँ, ती सबै संगै भएको उड्छन्। तिनीहरु एकताबद्ध हुँदैछन्, तिनीहरुको उडानको लागि तयार हुँदैछन्। हेर्नुहोस्, यो केवल... त्यो प्रकृति हो, र परमेश्वरले प्रकृति बनाउनुभयो, र प्रकृति परमेश्वरको योजनाबाट चल्दछ। यो एउटा नियम हो, नलेखिएको परमेश्वरको नियम हो, जुन प्रकृतिले उहाँको नियम अनुसार काम गर्दछ।

81 ठिक त्यस्तै, अन्त्येष्टिको समयमा बोलेको जस्तै, त्यहाँ एउटा रस हुन्छ जुन तल चिहानमा जान्छ, रूखको जराको फेदमा, पुनरुत्थान नआएसम्म त्यहाँ रहनको लागि। यो एउटा परमेश्वरको नियम हो। त्यहाँ कुनै बुद्धि छैन जसले त्यो रसलाई तल लान सक्छ; तपाईले यसलाई बाहिर निकाल्न सक्नुहुन्न, तपाईले त्यो दुहुन सक्नुहुन्न। त्यहाँ परमेश्वरले गर्ने भन्दा राम्रो अरु कुनै तरिका छैन। परमेश्वरसंग सिद्ध तरिका छ। त्यसैले जब पात खस्छ, तब उहाँले तल चिहानमा रसलाई पठाउनुहुन्छ र यसलाई लुकाउनुहुन्छ। जसरी अय्यूबले भने, “तपाईको क्रोध समाप्त नभएसम्म मलाई चिहानमा लुकाई राख्नुहोस्।” बुझ्नुभयो? यो तल त्यहाँ जान्छ किनकि यो एउटा प्रकृतिको नियम हो, शित भन्दा अगाडिको। झर्न थालेको पातलाई अहिले हेर्नुहोस्। किन? यो प्रकृतिको नियम हो।

82 हाँस भेला हुन्छन्, तिनीहरु मध्ये प्रत्येक, एउटा नेताको वरीपरी नारा

लाउछन्। त्यहाँनिर तिनीहरुलाई कुनै न कुनै रूपमा थाहा हुनेछ, मलाई थाहा छैन तिनीहरुले कसरी गर्नेछन्। तर उनीहरुलाई थाहा छ कि त्यो त्यो निश्चित सानो हाँस एउटा नेता हो। र त्यो सानो साथी, तिनीहरु सबै संगै भेला हुन्छन् र ठिक उसको अगाडि नारा लगाउछन्, र ठिक हावामा माथि उठ्छन्। र उसले...अहिले त्यो तलाउबाट कहिल्यै बाहिर निस्केको छैन, तर ऊ सिधै लुईजियाना वा टेक्सास जान्छ, ढाँको बारीमा। हेर्नुहोस्, तिनीहरुले उडान भर्नुभन्दा अगाडि, तिनीहरुले आफ्नो घर छोड्नुभन्दा पहिले जहाँ तिनीहरु त्यस वर्षमा जन्मेका थिए, तिनीहरुले आफैलाई एकजुट बनाउछन्। आमेन! त्यहाँ तपाई हुनुहुन्छ; तिनीहरुको नेताको अगाडि नारा लगाउदै।

83 यसको समस्या यो हो, मानिससंग, उसले आफ्नो नेता नै चिन्दैन। हो, श्रीमान। तिनीहरुले संगठित मण्डलीको चारैतिर नारा लगाउछन्, तिनीहरुले एउटा बिशप वा एउटा मानिसको अगाडि नारा लगाउछन्, तर तिनीहरुले नेताको अगाडि नारा लगाउदैनन्, जो पवित्र आत्मा वचनमा हुनुहुन्छ। बुझ्नुभयो? तिनीहरुले भन्छन्, "ओ, ठिक छ, मलाई डर छ कि म अलिकति कट्टरपन्थी हुनेछु; म गलत पाउमा ओर्लनेछु भनि मलाई डर छ।" ओ, त्यहाँ तपाई हुनुहुन्छ! यदि सानो हाँसले यो भन्यो भने के हुन्छ, "मलाई उसले आफ्नो प्वाँख राखेको तरिका मन पर्दैन। मलाई लाग्दैन म उसलाई पछ्याउछु होला।" तपाई मरणाशय रूपमा जम्नुहुनेछ। तपाईलाई त्यहाँ समातिनेछ, यदि तपाईले यो जस्तो जान्छ त्यस्तै—उडान भर्नुहुन्न भने। यसले आफैलाई एकजुट गराउछ, र प्रकृतिले त्यो गर्छ।

84 गिजले आफैलाई एकजुट गर्छ, तिनीहरुको नेताको अगाडि नारा लगाउछन्; तिनीहरुले उही काम गर्छन्।

85 के तपाईले कहिल्यै मौरीहरुको झुण्ड याद गर्नुभएको छ? मौरीहरुले आफ्नो रानीको अगाडि, झुण्ड भएर जानुभन्दा अगाडि, आफैलाई एकजुट बनाउछन्। त्यो सहि हो। र जहाँ उनी जान्छिन्, तिनीहरु पनि त्यहि जान्छन्। हो! तिनीहरुले के गर्छन्? तिनीहरुले झुण्डको अगाडि आफूलाई एकताबद्ध गर्छन्। ठ्याक्कै; हरेक प्रकृति!

86 माछाले मुहानमा जानुभन्दा अगाडि आफैलाई एकजुट गराउछन्। बाहिर सागरमा, तपाईले तिनीहरुलाई पाउन सक्नुहुन्छ; ती ठूला...जसलाई हामीले "हम्पिज," सालमोन भन्ने गर्छौं। जब तिनीहरु माथि त्यहाँ आउछन्,

त्यो दौड आउनुभन्दा पहिले, तपाईले तिनीहरुलाई दसौ हजारौ देख्नुहुन्छ, त्यो समुद्रमा, वरपर र चारैतिर आउदै; नुनिलो पानी, तर तिनीहरु वास्तवमा ताजा पानीका माछाहरु हुन्। र यहाँ तिनीहरु सिधै माथि त्यो ताजा पानीमा आउँछन्, माथि अण्डा पार्ने मौसममा जान्छन्। तिनीहरु त्यहाँ माथि जान्छन् र अण्डा पार्छन्, करिब हरेक चार वर्षमा, र तिनीहरुले अण्डा पार्ने बित्तिकै मर्छन्। र तिनीहरु जान्दछन् त्यहाँ तिनीहरु मर्न जाँदैछन् भनि, र तपाईले तिनीहरुलाई केहि कुराले पनि रोक्न सक्नुहुन्न। तिनीहरुले माछाको सिढीमा फाल हान्छन् र सबैथोक गर्छन्, त्यहाँ माथि जान्छन्, यो जानेर कि तिनीहरु आफ्नो मृत्युमा जाँदैछन्। तर प्रकृतिको नियमले तिनीहरुलाई बनाउदछ, यो जानेर कि तिनीहरु त्यहाँ माथि जान्छन् र प्वालमा अण्डा पार्छन्, र मर्छन्। र अर्को जवानहरु आउँछन्, र तब केहिले तिनीहरुलाई एकताबद्ध गराउछ, र बाहिर सागरमा तिनीहरु जान्छन्। यसले एकताबद्ध गराउदैछ! यो एउटा नियम हो। तपाईले परमेश्वरको नियमलाई हराउन सक्नुहुन्न।

87 राष्ट्रहरु—टुक्रीदैछन्, अहिलेको समयमा हामीले देख्छौ कि—कि तिनीहरुले यो गर्न पर्ने हो। हामीहरु राष्ट्रिय अशान्तिको प्रक्रियामा छौ। हामीले राष्ट्रहरुले सम्बन्धहरु तोडीरहेको देख्छौ। वर्षैपिच्छे, *यो* राष्ट्र साम्यवादले निलिरहेको पाउछौ; *यो* एउटा साम्यवादमा निलिएको छ। र ठिक यहाँ हाम्रो आफ्नै देशमा, यो साम्यवादले मोहित पारेको छ, र यसले कब्जा गर्नेछ! हेर्नुहोस्, यसले यो गर्नेछ, यसलाई रोक्ने कुनै उपाय छैन। किन? टाईटसलाई रोक्न नसकेको कारण पनि त्यहि हो। मानिसहरुले परमेश्वर र उहाँको वचनलाई इन्कार गरेका छन्। हो, श्रीमान, त्यसैले तिनीहरुले यो गर्न जानेछन्, र हामीले यसलाई ठिक प्रक्रियामा जाँदै गरेको देख्छौ।

88 म, सामान्यतया, म केहि घण्टा लिन्छु; मैले ठिक अहिले, लगभग तिस मिनेट लिईसकेको छु। बुझ्नुभयो? तर यो सबै कुरा बुझाउन, म बल लगाईरहेको छु। तपाई घर पुग्नुभए पछि यो अधययन गर्नुहोस्।

89 ध्यान दिनुहोस्, तिनीहरु ठिक अहिले एकजुट हुँदैछन्। तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, के त्यो सत्य हो?" तिनीहरु अरमागेडोनको युद्धमा आईरहेका छन्; ठिक त्यस्तै नै तिनीहरुले गर्नेछन्। बुझ्नुभयो? र तिनीहरु त्यसको लागि ठिक अहिले एकताबद्ध भईरहेका छन्। त्यहि कारणले

नै हामीसंग संयुक्त राज्य र सबैकुरा हामीसंग छ। पाश्चिमी संसार पूर्वीय संसारको विरुद्धमा एकताबद्ध भईरहेका छन्, साम्यवाद र त्यस्तै, यो सबै एकसाथ एकताबद्ध भईरहेका छन्। मण्डलीहरु एकसाथ एकताबद्ध भईरहेका छन्। सबैकुराहरु एकतामा आईरहेको देखिन्छ। एकता, एकतामा आफैलाई ल्याउदैछन्, हामीले त्यो देख्छौ।

90 साथै, यो सबै राष्ट्रहरुको एकता हुँदै गर्दा, यी चिन्हहरु, राष्ट्रिय चिन्हहरु, हामीले यहाँ बाहिर संसारमा देख्छौ, विभिन्न स्थानहरुमा भूकम्पहरु, विभिन्न कुराहरु एकताबद्ध हुँदै; संसारलाई एकसाथ ल्याउदै, मानिसहरुलाई एकसाथ ल्याउदै, सबै मण्डलीलाई एक साथ ल्याउदै, यी सबै कुराहरु। र जब सबैकुराहरु एकतामा आउने काम भईरहेको छ, त्यहाँ अर्को छ जसको एकताको काम भईरहेको छ। आमेन! अब त्यसमा म तपाईलाई देखाउन चाहन्छु।

91 परमेश्वरले आफ्नो दुलहीलाई एकताबद्ध गराउदै हुनुहुन्छ। उनी पूर्व र पश्चिम, र उत्तर र दक्षिणबाट, संगै आउदैछन्। त्यहाँ एउटा एकताको समय छ, र त्यो ठिक अहिले हो। उनी के को लागि एकताबद्ध भईरहेकी छिन्? र्याप्चर। आमेन! परमेश्वरले उनलाई तयार पार्दै हुनुहुन्छ। हो, श्रीमान, एकता! उनी के संग एकतृत हुँदैछिन्? वचनसंग! "किनकि सबै स्वर्गहरु र पृथ्वी बितेर जानेछ, तर मेरो वचन कहिल्यै पनि बित्ने छैन।" कुनै पनि संगठित मण्डली वा अरुले जे सुकै भने पनि उनले आफैलाई **परमप्रभु यसो भन्नुहुन्छ** संग एकता गराईरहेकी छिन्। उनले आफैलाई एकताबद्ध गराईरहेकी छिन्। उनी तयार हुँदै छिन्। किन? उनी दुलही हुन्। त्यो सहि हो। र उनले आफैलाई आफ्नो दुलहासंग एकताबद्ध गराउदै छिन्, हेर्नुहोस्, र दुलहा वचन हुनुहुन्छ। "आदीमा वचन थियो, वचन परमेश्वरसंग थियो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो। र वचन देहधारी हुनुभयो र हाम्रो माझमा वास गर्नुभयो।"

92 र मण्डली र दुलही र वचन यति एक हुँदैछ, जबसम्म उही वचन आफैले दुलहाको काम गर्दैन। आमेन! तपाईले यो देख्नुहुन्छ? एउटा एकता! अब कुनै, "मण्डलीमा सामेल हौ" छैन; अब कुनै *यो* छैन, तर सबैबाट भागेर येशू ख्रीष्टमा बाँध्नुहोस्। बुझ्नुभयो? यो एकताको समय हो। परमेश्वरले, आफ्नो दुलहीलाई संगै एकताबद्ध गराईरहनुभएको छ, यसलाई फर्काएर ल्याउदै; ठ्याक्कै उस्तै नै। उहाँको प्रतिज्ञाको वचनमा एकता गराउदै।

93 दोश्रो थेसोलोनिकी, २ अध्याय; यसले भन्छ, यो ५ औ पदले भन्छ, “पृथ्वीको माटोमा सुतिरहेका सन्तहरु जाग्नेछन्। अनि त्यसपछि हामी तिनीहरुसंगै एकताबद्ध हुनेछौ (जीवितहरु, तिनीहरुसंग जो मरेका थिए), हामी त्यहाँ उठ्नुभन्दा अघि एकताबद्ध हुनेछौ,” किनकि दुलही पूर्ण हुनेछिन् जब उनी त्यहाँ पुग्नेछिन्। जीवितहरु, जसले आफैलाई वचनसंग आफैलाई मिलाईरहेका छन्, र जो गएका छन् तिनीहरुले त्यो गरिसकेका छन्; र यो सबै संगै आउछन्, त्यहाँ माथि जानुभन्दा पहिले एकताको एउटा महान संघ बनाउछन्। आमेन!

94 साम्यवाद उठ्नुपर्छ, यी अरु कुराहरु उठ्नुपर्छ, र मण्डलीले आफैलाई त्यहाँ पारी एकताबद्ध गराउनुपर्छ, जब ती...र विश्व मण्डली परिषदको लागि त्यहाँ राष्ट्रहरु हुनेछन्; र दुलहीले आफैलाई परमेश्वरको वचनमा एकताबद्ध गर्नुपर्छ। त्यो गर्नको लागि, परमेश्वरले स्वर्गीय चिन्हहरु र अन्यथोकहरु तल पठाउनुभएको छ, जसले मण्डलीलाई प्रमाणित गर्छ, जसरी उहाँले राष्ट्रहरुलाई गर्नुपर्छ। आमेन।

95 परमेश्वर; एकताको समय! हो, श्रीमान। मेरो! अब, तपाई याद गर्नुहुन्छ, अहिले, त्यहाँ वचनको एकता छ (फेरी एकता हुदैछ), “त्यो विश्वास फर्काएर ल्याउन जुन एकपटक सन्तहरुलाई सुम्पिएको थियो।” फिर्ता ल्याउदै! ताकी यो आजको दिनमा मात्रै गर्न सकियोस्। यो गर्न सक्ने एक मात्रै समय अहिले हो। यो कहिँ पनि कहिल्यै आक्रमण गरिएको छैन; तिनीहरु संगठित मण्डलीको उछल–कूदमा गए। तर अहिले, यो कुनै संगठित मण्डलीको उछल–कूदमा पर्दैन, किनकि यो हरेक जाति, हरेक रङ्ग, हरेक सिद्धान्तका, पुरुष र महिलाहरुको एकताबद्ध हुने समय हो, सबैथोक जुन पवित्र आत्माको बप्तिष्मामा ख्रीष्टको अधिनमा छ र वचनमा फिर्ता आएको छ।

96 मण्डलीको लागि एकताको समय! ओ, बाफरे! यी संगठनहरुद्वारा विदेशमा छरिएका प्रत्येक वचनमा एकताबद्ध गर्दै, रोमको, नाईसियाको समय देखि, जब तिनीहरुले पहिलो मण्डलीलाई संस्थागत गरे, र तिनीहरुले लूथरलाई संस्थागत गरे, तिनीहरुले वेस्लीलाई संस्थागत गरे, तिनीहरुले सबै बाकि रहेका मण्डलीहरुलाई संस्थागत गरे। र त्यसो गर्नाले, तिनीहरुले सिद्धान्त अपनाउनुपर्यो, र त्यसपछि जब परमेश्वरले केहि कुरा पठाउनुभयो, तिनीहरुले यो ग्रहण गर्न सकेनन्। त्यसैले, यो अहिलेसम्म

सम्भव थिएन। र परमेश्वरले प्रतिज्ञा गर्नुभयो, अन्तिम दिनहरुमा, कि, “पूर्खाहरुको विश्वास दुलहीमा फेरी पुनर्स्थापित गरिनेछ,” कि यो यस्तै हुनेछ, र यो यसपटक बाहेक अरु कुनै समय हुन सक्दैन। हेर्नुहोस् स्वर्गबाट कस्तो चिन्ह, जसरी हाम्रो बीचमा झुण्डिएको आगोको स्तम्भ छ, र प्रभु येशू ख्रीष्टको चिन्हहरु र आश्चर्यकर्महरु छ। र उहाँले हामीसंग बोल्दै गर्नुहुँदा, यो ठिक बिन्दुमा बस्नबाट असफल हुन सक्दैन। आमेन! त्यसपछि हामी कहाँ उभिरहेका छौ सो देख्छौ। एकताको समय!

97 हामीले राष्ट्रहरु एकजुट भएको देख्छौ, हामीले संसार एकजुट भएको देख्छौ, हामीले साम्यवाद एकजुट भएको देख्छौ, हामीले मण्डली एकजुट भएको देख्छौ; र हामीले देख्छौ कि परमेश्वरले आफैलाई आफ्नो दुलहीसंग एकतृत गराउदै हुनुहुन्छ, यति सम्म कि जबसम्म उहाँ र मण्डली एक हुन्छ। हाल्लेलुयाह! त्यहाँ भएको पिरामिड जस्तै। ठिक हो! आफैलाई एकताबद्ध गराउदै; परमेश्वरले एकता गराउदै! किन? पहिले कहिल्यै भएको थिएन, मण्डलीको प्रारम्भिक युग देखि, मानिसहरुको माझमा कहिल्यै आगोको स्तम्भ आएको थिएन। पहिले कहिल्यै भएको थिएन, प्रारम्भिक पृथ्वीको मण्डलीको युग देखि, हामीले आज देखिरहेका कुराहरु तिनीहरुले देखेका थिएनन्। र यो तब मात्र सम्भव भयो जब परमेश्वरले सात मोहोरहरु पठाउनुभयो र हामीलाई यसबाट एउटा चिन्ह दिनुभयो, र स्वर्गबाट तल सात स्वर्गदूतहरु पठाउनुभयो; र ती संगठित मण्डलीमा छरपस्टीएको वचन फिर्ता ल्याउन आउनुभयो, र फेरी परमेश्वरको वचनमा फिर्ता बाँध्नलाई, उहाँको पवित्र आत्मालाई तल ल्याउनलाई आउनुभयो।

98 येशूले भन्नुभयो, “यदि तिमी ममा र मेरो वचन तिमीमा रहन्छ भने, तब तिमीले इच्छा गरेको कुरा माग, यो तिमीलाई पूरा गरिनेछ।” दुलहीलाई वचन संग फर्केर एकताबद्ध गर्दै, जो परमेश्वर हुनुहुन्छ। मण्डली र वचन, मण्डली र सिद्धान्त होइन, मण्डली र वचन; दुलही र वचन संगै एकतृत भएको छ। ओ, मेरो! कस्तो...फिर्ता के पुनर्स्थापन गर्ने? सक्कल पेन्टिकोष्टल पिताहरुको विश्वास, हेर्नुहोस्, जुन लूथरहरुको समूहद्वारा छरपस्ट पारिएको थियो। लूथर आफैले होइन; लूथरले होइन, वेस्ली होइन, ती महान संस्थापकहरुले होइनन्। तर तिनीहरु गईसकेपछि, त्यहाँ मण्डली हुर्काईयो, र तिनीहरु...तब तिनीहरुले त्यससंग के गरे, तिनीहरुले त्यसबाट संस्था बनाए। तिनीहरुले सिद्धान्तहरु र अन्य त्यस्ता कुरा स्वीकारे, र तिनीहरु टाढा गए। र आज तिनीहरुलाई हेर्नुहोस्, अहिले

तिनीहरु विश्व मण्डली परिषदमा आएका छन्।

99 अब, तपाईले देख्नुहुन्छ, तर अन्तिम दिनहरुमा, तपाई देख्नुहुन्छ, हामीले ती कुराहरु भएको देख्छौ अहिले जुन पहिले कहिल्यै भएको थिएन। हेर्नुहोस्, यो परमेश्वरको चिन्ह हो, र यो सबै एकताहरु समयको चिन्ह हो। अब, हामीहरु त्यसमा होसियारी पूर्वक हेर्छौं र यसलाई प्राप्त गर्छौं भनि साच्चै नै निश्चित हुन चाहन्छौ। छोड्दै...तिनीहरुले संगठित मण्डलीको लागि साँचो वचनलाई त्यागे; वचनलाई लिनुको सट्टामा विभिन्न मानिसहरुको सिद्धान्त र विचारहरु स्वीकार गरे।

100 प्रकाश १० ले भन्यो, "सातौ स्वर्गदूतको सन्देश।" अब याद गर्नुहोस्, त्यो ठिक सात मोहोर निर छ, र त्यहाँ सात स्वर्गदूतहरुले सात तुरहीहरु बजाएका छन्। त्यहाँ हामी आउनेवाला छौ। तर याद गर्नुहोस् कहाँ, एकदम विशेष रूपमा यसले भन्यो, "स्वर्गदूतको..." सातौ स्वर्गदूतको तुरही होइन, तर "सातौ दूतको सन्देश।" हेर्नुहोस्, तुरहीवाला दूत होइन, तर सन्देश सहितको दूत! हेर्नुहोस्, दूतले केवल तुरही बजायो, त्यो सातौ स्वर्गदूत, तुरहीवाला दूत। तर यसले भन्छ, "तर सातौ दूतको सन्देशको दिनहरुमा," हेर्नुहोस्, जब उसको सन्देश समाप्त हुन्छ। हेर्नुहोस्, त्यो मण्डलीको युगको सन्देश हो। यो समयमा, तब उसले...सन्देश, तुरही होइन. र "परमेश्वरको रहस्य (त्यो वचनमा लेखिएको छ) सिद्धिन पर्छ।"

101 अब हेर्नुहोस् हामी कस्तो दिनमा बाँचिरहेका छौ! ती मोहोरहरुलाई हेर्नुहोस्, कसरी त्यसले त्यो छरपस्ट भएको परमेश्वरको वचनलाई खिच्यो, के लूथर र सबै बाँकी रहेकाहरुले, कि ती महान सुधारकहरु जो अगाडि बढे; ठिक फर्केर आए र बाईबलमा देखाए, जहाँ तिनीहरु हुनेछन्; हरेक मानिस ठिक उसको ठाउँमा, उसले के गर्ने छन् र मण्डलीलाई के हुनेछ; के उसले गर्नेछ, र मण्डलीलाई के हुनेछ; यी सबै कुरा जुन उसले छोड्यो। र त्यसपछि, अन्तिम दिनमा, जब हामीलाई यसको बारेमा केहि पनि थाहा थिएन, निश्चित कुराहरु भईरहेको हामीलाई भविष्यवाणी गर्यो; र अखबारहरु र चिजहरुले पनि यसलाई उठायो, र ठिक तल आयो र यसलाई प्रकट गर्यो र रहस्यहरुलाई संगै बाँध्यो। आमेन! भाई, त्यो मेरो लागि उत्कृष्ट छ! त्यो, मेरो लागि, वचनमा मिल्दछ। आमेन! के—के हुन्छ मलाई त्यसको मतलब छैन, वा, म मानिसहरुले के भन्छन् त्यो वास्ता त गर्छु, सोच्छु, त्यो सहि हो, तर मेरो लागि यो सत्य हो।

102 विद्धवान मानिसहरु जस्तै, जो तल बेबिलोनबाट आए, तिनीहरु कराए, "उहाँ कहाँ हुनुहुन्छ, जो यहूदीहरुको राजा भई जन्मनुभएको छ? उहाँ पृथ्वीमा हुनुहुन्छ, ठिक अहिले। हामीले उहाँलाई खोज्नुपर्छ।" त्यो सहि हो। र उहाँ आउन यति निकट छ कि म भन्न सक्छु, "हेर, दुलहा आउनुभएको छ! मैले मध्यरातको आवाजलाई सुने!" आमेन! हामी ठिक अन्तिम समयमा छौ। ओ, मेरो, जुन घडी हामी जिईरहेका छौ। ध्यान दिनुहोस्। बुझ्नुभयो?

103 कति महान दिन! कति महान समय जुनमा हामी जिईरहेका छौ, परमेश्वरको यो महान रहस्य सिद्धिएको छ; ईश्वरत्व भित्र ल्याउदै, यो के हो देखाउदै; कसरी यी साना वादहरु, र गए र उहाँलाई *यो* बनाए, र कसैले उहाँलाई *यो* बनायो, र कसैले उहाँलाई *त्यो* बनायो। तर परमप्रभुको दूत तल आउनुभयो र तिनीहरुका यी सबै वादहरु ल्याउनुभयो, र त्यसबाट सत्यलाई तान्नुभयो, र यसलाई प्रस्तुत गर्नुभयो। र त्यहाँ यो छ, जत्ति सक्दो सिद्ध यो हुनसक्थ्यो, अरु कुनै बाटो तपाई जान सक्नुहुन्न। त्यहाँ यो छ, त्यहि नै उहाँ हुनुहुन्छ। हेर्नुहोस्, सर्पको बीउ, सबै—सबै यी विभिन्न कुराहरु जुन यति रहस्यमय रूपमा मानिसहरुको विचमा छ। बुझ्नुभयो? यो के हो? उहाँसंग...यो के को चिन्ह हो? एकता!

104 उहाँले मलाकी ४ मा के भन्नुभयो? पुनर्स्थापित गर्नेछु! सक्कल पेन्टिकोष्टल विश्वासलाई फर्काएर पुनर्स्थापित गर्ने, फार्काएर मानिसहरुमा उही पेन्टिकोष्टल सन्देश, उही पेन्टिकोष्टल चिन्ह, उही पेन्टिकोष्टल प्रमाण, उही परमेश्वर, उही शक्ति, उही शिक्षा, सबै कुरा उस्तै नै, उही आगोको स्तम्भको प्रमाणको साथ जसले शाऊललाई तल बाटोमा, दमास्कसको बाटोमा प्रहार गर्यो उहाँ आज हाम्रो माझमा हुनुहुन्छ, उही कुरा गर्दै जुन उहाँले त्यस दिनमा गर्नुभएको थियो। एकताबद्ध गराउदै!

105 हामीले राष्ट्रहरु एकजुट भईरहेको देख्छौ, हामीले संसार एकजुट भईरहेको देख्छौ, हामीले मण्डली एकताबद्ध भईरहेको देख्छौ। हामीले दुलही एकताबद्ध भईरहेको देख्छौ, वचनसंग एकता बद्ध भईरहेको। किन? परमेश्वर वचन हुनुहुन्छ। र वचनको रूपमा...दुलहाको रूपमा (वचन भएको मा), र दुलही (वचन सुन्ने भएको रूपमा), तिनीहरु मिलनमा एकसाथ आउँछन्। तिनीहरु एउटा विवाहमा जस्तो एक हुन्छन्। हेर्नुहोस्, तिनीहरु विवाहको लागि तयार हुदैछन्, र तिनीहरु—तिनीहरु एक बन्छन्। वचन तपाई बन्नुहुन्छ, तपाई वचन बन्नुहुन्छ। येशूले भन्नुभयो, "त्यस दिनमा

तिमीहरुले थाहा पाउनेछौ। सबै पिता जो हुनुहुन्छ, म हुँ; र सबै म जो हुँ, तिमीहरु हुनेछौ; र सबै तिमी जो छौ, म हुँ। त्यस दिनमा तिमीहरुले थाहा पाउनेछौ कि म पितामा छु, र पिता ममा हुनुहुन्छ, म तिमीहरुमा छु, र तिमीहरु ममा।" बुझ्नुभयो? "त्यस दिनमा।" कुन दिन? यस दिन! हामीले परमेश्वरको महान लुकेका रहस्यहरु प्रकट गरिएको पाएका छौ। ओ, मलाई यो कति मन पर्छ!

106 ओ, हेर्नुहोस् कसरी विज्ञान र वचन तुलना गर्न सकिन्न, जस्तो तिनीहरुले आज गर्छन्। तिनीहरुले पहिले यो गर्न सक्दैन थिए। तिनीहरुले यो अहिले मात्रै गर्न सकेका हुन्।

107 ध्यान दिनुहोस्, उहाँले भन्नुभयो, "स्वर्गीय चिन्हहरु, स्वर्गीय चिन्हहरु।" विज्ञान, र राष्ट्रिय चिन्हहरु; अब तिनीहरुसंग आज आकाशमा ठूला चिन्हहरु छन्, तिनीहरुसंग अन्तरीक्ष यात्रीहरु र सबैथोक छन्। तर अन्तरिक्ष यात्रीले संसारलाई के गर्यो, चिन्ह? यसले तिनीहरुमा डर ल्याउँछ। तिनीहरुलाई थाहा छैन कुन समयमा तिनीहरुले यस्तो खालको केहि माथि पठाउछ र यी बमहरु खसाल्न सक्छन्, र हामी हुनेछैनौ। बुझ्नुभयो? अब त्यो नै चिन्ह हो जुन तिनीहरुले पाएका छन्, स्वर्गमा डरलाग्दो दृश्यहरु। बुझ्नुभयो? तिनीहरुले ती, परमाणु मिसाईलहरु र सबैकुरा, सबै खालका चिन्हहरु पाए।

108 तपाईले देख्नुहुन्छ कि तिनीहरुले यो—यो सानो सम्झौतामा हस्ताक्षर कहाँ गरे, अर्को दिन, कि तिनीहरुले कुनै पनि बम खुला बाहिर विस्फोट गर्ने छैनन्, तर अहिले तिनीहरु पानी मुनि र तल जमिनमा जाँदैछन्, उही तरिकामा त्यसलाई परिक्षण गर्दैछन्। बुझ्नुभयो? तिनीहरुले एउटा सम्झौतामा हस्ताक्षर गरे, "हामीहरु यो गर्नेछैनौ, यदि तपाईले यो गर्नेछैन भन्नुहुन्छ (तर हामी फर्केर घर जान्छौ र यो तरिकामा गर्छौं; जब कि हामीलाई थाहा छ कि तिमीहरु त्यहाँ उही तरिकामा गरिरहेका छौ)।" बुझ्नुभयो? त्यहाँ केवल केहि छैन, यो केवल...त्यहाँ तिनीहरुको विचमा कुनै भरोसा छैन, त्यहाँ—त्यहाँ केहि पनि छैन। तपाईले सक्नुहुन्छ... बुझ्नुभयो? र सबैजना अर्कोसंग डराउँछन्। त्यो एउटा डरमय चिन्ह हो।

109 विज्ञान र मानिस र राष्ट्रले आकाशमा एउटा डरलाग्दो चिन्ह उत्पादन गरेको छ। त्यो एकदम सहि हो। अब, एक अर्कामा डराएर। र त्यहाँ मलाई स्वर्गीय चिन्ह दिईएको छ...अब हेर्नुहोस्, तिनीहरुले पनि स्वर्गमा एउटा

चिन्ह पाएका छन्, एउटा डरमय चिन्ह, एउटा मानिस अन्तरीक्षमा; जोसंग परमाणु मिसाईल हुनसक्छ, र खसालेर पूरा देशलाई नै नष्ट पार्न सक्छ। एक अन्तरिक्ष यात्रीको रूपमा उठ्छ, र त्यहाँ बाहिर बस्छ। त्यहाँ तिनीहरुलाई यो गर्नबाट केहिले पनि रोकेको छैन। तिनीहरुले पक्कै पनि यो गर्न सक्छन्, तिनीहरु...तिनीहरुले चाहेको जुनै पनि बेलामा गर्न सक्छन्। तिनीहरुले चाहे भने उनलाई धूलोमा ल्याउन सक्छन्, तर...अहिलेको पन्ध्र मिनेट मै सक्छन्। र एउटाले के गर्न सक्छ, त्यो अर्कोले पनि गर्न, सक्छ। त्यसैले, तपाईले देख्नुहुन्छ कि तिनीहरुले चिन्ह पाएका छन्, तर त्यसखालका चिन्हले तिनीहरुलाई त्रसित बनाउछ।

110 तिनीहरु एकजुट भएका छन्, तिनीहरुको संगै राखेर। स्वतन्त्र संसार, तिनीहरुले यसको शक्ति संगै राख्दै छन्। साम्यवादले तिनीहरुको शक्ति रूससंगै मिलाएर राख्दैछन्। सबैजना; हरेक एक अर्कासंग डराएको छ। हेर्नुहोस्, यो एउटा डरमय चिन्ह हो। त्यो सहि हो। त्यो राष्ट्रिय चिन्ह, र चिजहरु हुन्।

111 तर मण्डलीले एउटा स्वर्गीय चिन्ह पाएको छ: एउटा अन्तरिक्ष यात्री! आमेन! येशू ख्रीष्ट, जो आगोको स्तम्भको रूपमा हुनुहुन्छ; कि उहाँ पुरानो नियममा हुनुहुन्थ्यो, कि जब उहाँले शाऊललाई दमास्कसको बाटोमा भेट्नुभयो, उही येशू आज यहाँ हुनुहुन्छ! र यसले के गर्छ? के यसले डर ल्याउँछ? यसले प्रेम ल्याउँछ, एकअर्कामा एकता ल्याउँछ। आमेन! एकअर्काको लागि भावना। यसले परमेश्वरको प्रेम ल्याउँछ, ओ, हामीलाई एक बनाउदै, ख्रीष्टको शरीरलाई, एउटा दुलहीको रूपमा एकतामा ल्याउँदछ। त्यहि नै यसले अहिले गरिरहेको छ, यो महान मिलन जुन परमेश्वर...

112 तिनीहरुले आफैलाई एकताबद्ध गराईरहेका छन्, एउटा समूह *यहाँ* अर्कोसंग लड्नको लागि छ, एउटा समूह *यहाँनिर* अर्कोसंग लड्नको लागि छ। यहाँ तिनीहरुको बीचमा मण्डली उभिरहेको छ; तपाई हेर्नुहोस् के हुन्छ, यो तिनीहरुसंग एक हुन्छ। त्यो एकदम सहि हो। तर, अहिले, हामीले पाउँछौ कि यसले डर र निराशा ल्याउँछ।

113 तर मण्डली, दुलही, एक परमेश्वरद्वारा एकतामा ल्याईएको छ, एउटै आत्मा, परमेश्वरको आत्मामा, परमेश्वरको एउटा पवित्र मिलनमा, परमेश्वरको लागि एउटा पवित्र दुलही हुन। त्यो सहि हो, एक साथ मिलेर; शरीरको

एकता। शरीर एउटा दुलहीको रूपमा पर्खिरहेको छ; जस्तै कि—कि यो दुलही हो, जस्तो हामीले आफैलाई दुलही भनि बोलाउछौ। दुलहीको एकताको समयको लागि, किनकि मण्डली यति धेरै एकसाथ आउँदैछ। यसले हामीमा केवल एउटा प्रेम सृजना गर्नुपर्दछ, ताकी हामी एकअर्कामा टाढा हुन नसकौँ। त्यो सहि हो। जब तपाईले केवल, तपाईले मानिसहरुलाई प्रार्थना गर्नको लागि विन्ती गर्नुपर्दैन, तपाईले परमेश्वरलाई आराधना गर्नको निम्ति तिनीहरुलाई विन्ती गर्नुपर्दैन, के सहि छ त्यो काम गर्नको लागि तिनीहरुलाई तपाईले विन्ती गर्नुपर्दैन। तिनीहरु केवल उहाँसंग यति प्रेममा छन्, जबसम्म त्यहाँ अरु केहि हुन्न।

114 तपाईले एउटी सानी केटिको बारेमा के सोच्नुहुन्छ, एक साच्चै सुन्दर सानी सेविका, जो कुनै सुन्दर युवकसंग विवाह गर्न गईरहेकी छिन् कि उनी प्रेममा पागल छिन्, यो उनको लागि आफ्नो जीवनभन्दा बढि महत्वपूर्ण छ, र उनलाई थाहा छ कि तिनीहरु विवाह गर्न जाँदै छन्? विवाहको दिन नजिकिदै गर्दा, त्यो सानो साथी, म तपाईलाई भन्दैछु, उनी सबै ठाउँ "वरिपरी हिडिरहेकी छिन्।" बुझ्नुभयो? उनले केवल सबैकुरा तयार पार्दैछिन्; उनले आफैलाई पूर्ण रुपमा उसमा सुम्पिएकी छिन्। त्यो सहि हो। उसलाई प्रसन्न पार्ने सबै कुरा, त्यही नै मात्र हो जुन उनले गर्न चाहन्छिन्। ठिक छ, त्यो मण्डलीको तरिका हुनुपर्ने हो आज, कि हाम्रो जीवन ख्रीष्टद्वारा परमेश्वरमा यति लुकेको हुनुपर्छ, पवित्र आत्माद्वारा छाप लगाईएको हुनुपर्छ।

115 जुन कुरा मैले यहाँ तपाईहरुलाई सिकाउदै छु, जुन यी चिन्हहरु र घटिरहेका विभिन्न घटनाहरु बताईरहेको छु, मसंग यो गर्नको लागि अहिले समय छैन; यदि प्रभुको इच्छा भए, अर्को सन्देशमा गर्नेछु। तर त्यहाँ मण्डलीमा अझै पनि एउटा सानो कुराको कमि छ। र हामीले त्यो चाहन्छौ, त्यहाँ पुग्नको लागि, र म अहिले यसको किनारमा छु। हेर्नुहोस्? हामी त्यहाँ पुग्न चाहन्छौ, यदि...तपाईले यो गर्नुपर्छ। यदि तपाईले यो गर्नुभयो भने, त्यो नै सबै हो, तपाईले यो गर्नुपर्छ। हेर्नको लागि, एकताको समय नजिकै छ, किनकि परमेश्वरले मण्डलीलाई एक हुनको लागि संगै ल्याउँदै हुनुहुन्छ एउटा—एउटा र्याप्चरमा महान मिलनको लागि एउटा विवाहमा जान: जब परमेश्वर र मानिस अनन्तको लागि एकता हुनेछन्, जब समयको सृष्टि अनन्तसंग मिलन हुँदछ।

116 यो एकपटक पृथ्वीमा मानिसको पुत्रको रूपमा गरिएको थियो। र उहाँले

शक्ति ल्याउनको लागि आफ्नो जीवन दिनुपर्ने थियो, अरु मानिसहरुलाई एकताबद्ध गर्नको निम्ति उही शक्तिको साथ, येशू ख्रीष्टको दुलहीको लागि। र अहिले मण्डलीले आफैलाई ख्रीष्टको शरीरमा एकताबद्ध गराउदैछ। यसले आफैलाई स्वतन्त्र पारेको छ, हरेक सानो बन्धन काट्दै, आफैलाई तयार पार्दै; संगै आउदै, तिनीहरुमा एकता बनाउदै; ओ, एउटा प्रेम र आनन्द, र पवित्र आत्मा तिनीहरुको बीचमा चलिरहनुभएको छ। ओ, मेरो, कस्तो समय!

117 जसै हामीले हाँस तयार भएको देख्छौ, हामीले गिज तयार भएको देख्छौ, हामीले पशु देख्छौ...मौरी तयार हुँदै, हामीले झरीको लागि बादलहरु तयार भईरहेको देख्छौ, हामीले सबैकुरा देख्छौ; कसरी यसले आफैलाई एकजुट गराउँछ, उसको ठूलो धक्काको लागि। हामीले राष्ट्रहरुको संगठन, राष्ट्रहरु संगै, तिनीहरुले आफैलाई साम्यवादमा एकजुट गराउदै। तिनीहरुले आफैलाई यहाँ पश्चिमी संसारमा एकजुट भईरहेको हामी देख्छौ। मण्डलीले आफैलाई संगै एकजुट गरिरहेको, सबै यी अन्यकुराहरु हामी देख्छौ। त्यसैले यो बिल्कुल असम्भव छ, कुनै अरु समय यस तरिकामा हुन सक्दैन; बिस वर्ष अगाडि यो तरिकामा हुन सक्दैन थियो, यो तरिकामा हुन सक्दैन थियो। दस वर्ष अगाडि यस्तो हुन सक्दैन थियो, यो अहिले नै हुनुपर्छ। हेर्नुहोस्, किनभने यी वादहरु र चिजहरु यस ठाउँमा आएको थिएन।

118 अब जाग्नुहोस्! आफैलाई हल्लाउनुहोस्, झट्टै, र हामी कहाँ छौ त्यो हेर्नुहोस्! हामी कहाँ छौ? ती बुद्धिमान मानिसहरु, हामी ठिक उहाँको वचनको पंक्तिमा छौ, र परमप्रभुको ज्योति हाम्रो मार्गमा चम्किरहेको छ। सर्वोच्चमा परमेश्वरको महिमा होस्। र परमेश्वरलाई महिमा होस् जसले हामीलाई येशू ख्रीष्ट दिनुभयो, जसलाई हामी प्रेम गर्छौं, र जसले हामीलाई यो ठाउँमा ल्याउनुभयो। र जसै हामी...हामीहरु उहाँका मानिसहरु हौँ, उहाँको रगतको मूल्यद्वारा किनिएको।

119 ओ, मेरो! जब एकताको समय आउँछ, हामीहरु हेरिरहेका छौ, जसरी हामी एक अर्कामा उहाँको आत्माको बन्धनमा एकताबद्ध हुन्छौ, हामी... के यो उहाँको आत्मा हो? निश्चय नै, यो उहाँको आत्मा हो। यो किन छ? यो उहाँको वचन हो, र उहाँ...त्यो वचनको आत्मा हो। र जब त्यो प्रतिज्ञाको आत्मा तपाईमा आउनुहुन्छ र प्रमाणित गरि आफैलाई ठिक यहाँ

देखाउनुहुन्छ, के यो उही आत्मा हो? यो उहाँ हुनुहुन्थ्यो जो मोसासंग उजाडस्थानमा हुनुहुन्थ्यो! यो उहाँ हुनुहुन्थ्यो जो येशू ख्रीष्टमा हुनुहुन्थ्यो! उहाँ उही हुनुहुन्छ जसले दमास्कसको बाटोमा शाऊललाई भेट्नुभयो! उहाँ हिजो, आज, र सधैंभरि एक समान हुनुहुन्छ! र उहाँले उही कुरा गर्नुहुन्छ!

120 र हामीसंग राष्ट्रहरु संगै देख्छौ, हामीले मण्डलीका प्रमूखहरु संगै देख्छौ, हामीले साम्यवादलाई संगै देख्छौ, हामी पन्थहरु एकजुट भएका देख्छौ, हामीले यी सबै कुराहरु देख्छौ; र अब हामीले दुलही वचनसंग एकताबद्ध भएको देख्छौ। ओ, मेरो! यो त्यो समय हो कि सन्तहरु जीवितहरुसंग एकताबद्ध हुन उठ्नेछन्, येशू ख्रीष्टसंग अनन्तकालको लागि एकताबद्ध हुन।

121 परमेश्वरले हामीलाई मद्धत गर्नुभएको होस्, हरेक समय, आजराति ख्रीष्टसंग एकतृत हुनको लागि, हामी जो छौ हामी त्यो सबै समर्पण गर्छौं, हामीसंग भएका सबै कुरा, हाम्रा पूर्ण प्राण, शरीर, र मन, येशू ख्रीष्टमा, र त्यो मिलनको समयको लागि हेर्दछौ।

जब परमेश्वरको तुरही बज्नेछ, र समय बाकि रहने छैन,
र बिहानीले अनन्त, उज्यालो र स्वच्छ ल्याउँदछ;
जब ख्रीष्टमा मरेकाहरु उठ्नेछन् र अर्को किनारमा
भेला हुनेछन्, (जीवित रहेको दुलहीसंग, माथि संगै
लागिनको लागि।)

122 एकतालाई हेर्नुहोस्! परमेश्वरले मण्डलीलाई उहाँको वचनसंग एकताबद्ध गराउदै, वचन मण्डलीसंग, ताकी ती दुवै एक हुन सकून्, "*यो* भन्नुहोस, र यो हुनेछ। *यो* गर्नुहोस्, र यो हुनेछ। यहि नै हो; यो तिम्रो अगाडि म हुँ, यो मैले तिमीलाई साबित गरिरहेको छु; यो म हुँ जो तिमीसंग छु।" ठिक छ।

123 हामीले अहिले पाउँछौ कि समय आउनेछ जब तुरही बज्नेछ, र ती सुतिरहेका सन्तहरु त्यहाँ, उनीहरु हामी बिना पूर्ण हुन सक्दैनन्; तिनीहरु हामीमा निर्भर छन् (हिब्रू ११); र जब तिनीहरु संगै आउछन्, तिनीहरु जीवितहरुसंग बस्छन्, मण्डली वचनसंग एक हुदैछ, त्यसपछि मण्डली र वचन एकसाथ एकताबद्ध हुँदै, एक हुँदै आउदैछन्। मृत सन्तहरु जीवित सन्तहरुसंग एकै हुनको लागि एकतामा आउदै; र थूमाको विवाह भोजको लागि ख्रीष्टसंग एकताबद्ध हुन सबै संगै जाँदैछन्।

124 यो एकताको समय हो, र चिन्हहरु जताततै उडिरहेको छ। चिन्हहरु

राष्ट्रहरुमा छ, चिन्हहरु साम्यवादमा छ, चिन्हहरु पश्चिमी संसारमा, मण्डलीहरुको परिषदमा चिन्हहरु छन्। र चिन्ह आजराति यहाँ पवित्र आत्माको आश्रय अन्तर्गत छ, र परमेश्वरको वचनले यो पुष्टि गरिरहेको छ र यसलाई सत्य बनाईरहेको छ। आमेन! एकताको समय! एकताको समयको चिन्ह!

आउनुहोस् हाम्रो शिरहरु झुकाऔं।

125 प्रभु येशू, जसरी मेरो गरिब हृदय आनन्दले उफ्रिन्छ, जसरी म मेरो सम्भावनाहरु देख्छु, एउटा मध्यम उमेरको मानिस, तर अझै, यो पुस्तामा तपाई आउनुभएको देख्न सक्ने सम्भावनाहरु; यहाँ जीवित भई उभिन्छु, र हेर्छु कि कहिले तुरही बज्दछ, “दूषित, दूषित नै छ। धार्मिक, धार्मिक नै छ। पवित्र, पवित्र नै छ।” ओ प्रभु परमेश्वर!

126 हामी खडा भई सोच्नुमा, एक क्षणमा, आँखाको एक निमेशमा, जब संसारलाई थाहा हुँदैन के भईरहेको छ, तर अचानक, तपाईले तपाईको अगाडि प्रकट हुनुभएको देख्नुहुन्छ, तपाईको प्रियजनहरु जो गएका छन्, तपाईसंग फेरी एक हुन आउछन्। र हामी एक क्षणमा परिवर्तन हुनेछौ, आँखाको एक झलकमा; माथि उठाई लगिनेछौ, संगै, प्रभुलाई हावामा भेट्नको निम्ति। र त्यसपछि उहाँसंग एक हुन, त्यहाँ सदाको निम्ति, र फेरी कहिल्यै उहाँको उपस्थिति भन्दा बाहिर हुनेछैन।

127 आज यो कस्तो महान कुरा हो, प्रभु, यो जान्नमा कि अब हामी एकै आत्मामा एकताबद्ध छौँ। एउटै आत्मा, पवित्र आत्मासंग, वचनको पकड छ, र हामीभित्र आउनुहुन्छ। र यो कति महान कुरा हो, सारा संसारबाट छुटकारा पाउनु, हामीलाई येशू ख्रीष्टमा एकताबद्ध पार्नु कस्तो सुअवसर हो। र यो सोच्नुमा कि कुनै दिन, शारीरिक रूपमा, उहाँको आफ्नै महिमाको शरीरमा जस्तै, हामीहरु विवाहको भोजमा टेबलमा बस्नेछौ र त्यहाँ एक हुनेछौ अनि उहाँसंग विवाह गर्नेछौ; अटुट अनन्त भरि आउने समयमा दुलही र दुलहाको रूपमा बस्नेछौ।

128 प्रभु परमेश्वर, यो मानिसहरुको लागि एक पौराणिक विचार मात्र नहोस्, तर यो यस्तो वास्तविकता बनोस कि मानिसहरुमा भोक र तिर्खा स्थापित भएको होस्...तिनीहरुको पत्रपत्रिका पढ्दै, हेर्दै...रेडियो र समाचारमा सुन्दै, र यो एकताको समय हो भनि देख्दै। चिन्हहरु चम्किरहेका छन्।

129 प्रभु परमेश्वर, जस्तो हामीले महिलाहरुको बारेमा बोल्यौ, तिनीहरुले

अन्तिम दिनहरुमा के गर्नेछन् भनि; मण्डलीले अन्तिम दिनमा के गर्नेछ; र मण्डलीको युग के हुनेछ, र मोहोरहरु के हुनेछ, यी सबै अन्य कुराहरु। र हामीले यसलाई, नोआको दिनमा जस्तै देख्छौ। हामीले यो सोदोम र लोतको, दिनमा जस्तै देख्छौ, जब परमेश्वरको दूतले आफैलाई मानव शरीरमा चिनाउनुभयो, जसले गाईको मासु र गाईको दुध खानुभयो, र रोटी खानुभयो; र त्यहाँ उभिएर उहाँको पछाडि के भईरहेको थियो सो बताउन सक्नुहुन्थ्यो। र मानिसको पुत्रको आगमनको दिनमा त्यस्तै नै हुनेछ भनि येशूले भन्नुभयो।

130 प्रभु परमेश्वर, हामीले पिरामिड देख्यौ, कसरी हामीले त्यहाँ माथि निर्माण गर्यौं, र कसरी हामीले यी कुराहरुमा थप्यौ भनेर देख्यौ; र हामीहरु अन्तिम समयमा छौ भनि पायौ, मूख्य कुनेढुङ्गाको लागि पर्खदै छौ। परमेश्वरको महिमा होस्! हामी प्रार्थना गर्छौं, पिता, कि तपाईले मानिसहरुलाई जगाउनुहोस्, झट्टै अहिले, र हामीलाई संगै भेला गराउनुहोस्, येशू ख्रीष्ट र एक अर्कालाई ईश्वरीय प्रेम र सम्मानका साथ गर्न सकौं।

131 यदि आज राती यहाँ कोहि छन् जसको आशा तपाई भित्र छैन, के तपाईले आफ्नो हात परमेश्वरलाई उठाएर भन्नुहुन्छ, “प्रभु परमेश्वर, मलाई तपाईसंग मिलाउनुहोस्, मलाई तपाईसंग एक बनाउनुहोस्”? परमेश्वरले तपाईलाई आशिष दिऊन्, भाई। परमेश्वरले तपाई, र तपाई, तपाईलाई आशिष दिऊन्; हो। “मलाई तपाईसंग एक बनाउनुहोस्, प्रभु।” हो! ओ, मेरो!

राष्ट्रहरु टुट्दैछन्, इस्राएल जाग्दैछ,

132 त्यहाँनिर इस्राएललाई, एकताबद्ध भईरहेको हेर्नुहोस्। इस्राएल, सारा संसारबाट, आफैलाई एकतृत गर्नको निम्ति आएका छन्; आफैलाई एकताबद्ध गर्नको निम्ति र अहिले तिनीहरु एउटा राष्ट्र छन्। तिनीहरु एकतृत राष्ट्र हुन्: तिनीहरुको आफ्नै झण्डाका साथ, आफ्नै पैसा, आफ्नै सेना, सबैकुरा; यदि तिनीहरु कहिल्यै थिए भने, तिनीहरु आज छन्। इस्राएल एकताबद्ध भएको छ, रोम एकताबद्ध भएको छ, मण्डली एकताबद्ध भएको छ। र दुलही एकताबद्ध भईरहेको छ, आमेन; र महान मिलनको आगमन भईरहेको छ। यो के हो? यो सबै त्यो चिन्हतर्फ सर्दै छ, त्यो मूख्य ठूलो चिन्ह, येशू र उहाँको दुलही एकको रूपमा एकताबद्ध हुँदै हुनुहुन्छ।

133 पिता परमेश्वर, यी मानिसहरुको लागि मैले मागेका यी आशिषहरु प्रदान गर्नुहोस्, र हामी हृदय र आत्मा एकजुट हुन सकौँ, जसरी तिनीहरुले यो चाहना गरेर, आफ्ना हातहरु उठाएका छन्। प्रभु परमेश्वर, हामीलाई धुनुहोस् र हामीलाई तपाईको बनाउनुहोस्; यसलाई प्रदान गर्नुहोस्, प्रभु। हामीले जानेका र गर्न सक्ने सबै यहि नै हो, माग्ने। र तब तपाईले भन्नुभयो कि यदि हामीले यो माग्छौ र यसलाई विश्वास गर्छौं भने, हामीले यो पाउनुपर्छ; म यसको लागि हेरिरहेको छु, प्रभु। म तपाईलाई येशू ख्रीष्टको नाममा धन्यवाद दिन्छु। आमेन।

म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले पहिले मलाई प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीको रूखमा।

आमेन। ओ, मेरो!

हेर, दुलहा आउनुभएको छ!
म मध्य रातको आवाज सुन्दछु!
हामी कराएर माथि जान्छौ, यदि हामी सबैले पकड राख्छौ भने,
र उहाँलाई आकाशमा भेट्छौ।

हेर्नुहोस् र प्रार्थना गर्नुहोस्, मेरो भाई,
नत्र तपाईको मुकुट कसैले खोस्छ,
मनतातो र विश्वासमा पछि हटेकाहरुले
विवाहको पोशाक लगाउने छैनन्।

134 त्यो सहि हो। यो मध्य रातको आवाजको लागि तयार हुनुहोस्। यो तपाईले नचिताएको घडीमा हुनेछ। त्यहाँ एउटा चिच्याहट हुनेछ, अविश्वासी संसारमा होइन; यो एउटा रहस्य हुनेछ। तर विश्वासीहरुको लागि, जो यसको लागि हेरिरहेका छ: तपाईले ताराहरु रेखामा आएको देख्नुहुन्छ? बुझ्नुभयो? यसले के उत्पादन गर्यो? ठिक त्यस्तै नै जुन यसले पहिलो पटक गर्यो। हेर्नुहोस्, यहाँ हामी छौ, चिन्हहरु आईरहेको छ।

उहाँको आशिषित आगमनको चिन्हहरु देखा परेको हामीले देख्छौ,
हेर, अन्जिरको पातहरु अब हरियो हुँदैछन्;

राज्यको सुसमाचार हरेक राष्ट्रमा गएको छ;
र हामीहरु नजिक छौ, अन्त्य देख्न सकिन्छ।

तब खुसीसाथ, दूर, उहाँको आशिषित उपस्थितिको
सन्देश हामीले घोषणा गर्नेछौ,

135 के त्यो सहि हो? ओ, "उहाँको आशिषित उपस्थितिको सन्देश घोषणा गर्नेछौ!" त्यहि नै हामीले गर्नुपर्छ। सबैलाई भन्नुहोस्, "तयार हुनुहोस्, परमेश्वरलाई भेट्नलाई तयार हुनुहोस्।" आमेन! म उहाँलाई प्रेम गर्छु। ओ, म उहाँलाई कति प्रेम गर्छु। अब, आउनुहोस् हामीहरु आफ्नो खुट्टामा उभिऔं। जसै हामीहरु एक अर्कालाई बोल्छौ, कसैकहाँ जान्छौ र हात मिलाउछौ, र भन्छौ:

हामी नाभेटुन्जेल!

हात मिलाउछौ, अब।

...हामी नभेटुन्जेल!
हामी येशूको पाउमा नभेटुन्जेलसम्म;
हामी...

याद गर्नुहोस्, तपाईलाई बोलावट हुनसक्ला, वा हाम्रो अर्को सेवा उहाँको पाउमा हुनसक्छ।

ओ, हामी फेरी नभेटुन्जेलसम्म परमेश्वर तपाईसंग
हुनुभएको होस्।

136 अब, केवल सोच्नुहोस्, हामी फेरी भेट्नुभन्दा अगाडि; हामी आईतबार बिहान, वा बुधबार राति भेट्नुभन्दा पहिला, यो हुनसक्छ...पहिलो कुरा तपाईलाई थाहा छ, कोहि हाराएको छ। यो एउटा हराएको छ, र तिनीहरु गएका छन्। ओ, तपाईको लोग्ने, वा तपाईको श्रीमती हराएको बारेमा सोच्नु, र—र यूहन्नाको श्रीमती हराईरहेको, र—र—र यहाँनिर बच्चाहरु हराईरहेको। यो सबै भयो (के घटना घट्यो?), त्यसपछि तपाई छुट्टिनुभयो!

ओ कस्तो रुने र बिलाप गर्ने,
जब हराएकाहरुलाई तिनीहरुको भाग्यको बारेमा
भनिन्छ;
तिनीहरु चट्टानहरु र पहाडहरुमा कराए, (जस्तो
इस्राएल, फर्केर शहर जाँदै, मन्दिर तिर।)

तिनीहरुले प्रार्थना गरे तर तिनीहरुको प्रार्थना अति
नै ढिलो भईसकेको थियो। (तिनीहरुले सन्देशलाई
इन्कार गरे।)

137 ओ, भाई, त्यो कहिल्यै नगर्नुहोस्। जे केहि पनि तपाईले गर्नुहुन्छ, कारणको लागि साहसी भई खडा बस्नुहोस्! हो, श्रीमान्!

138 अब, हामी फेरी नभेटुन्जेलसम्म, हामी यो गर्नेछौ:

येशुको नाम तपाईसंग लिनुहोस्,
सबै हेरचाहबाट ढालको रूपमा;
जब तपाईको वरपर परिक्षाहरु जम्मा हुन्छन्, (तपाई
के गर्नुहुन्छ?)
प्रार्थनामा त्यो पवित्र नाम उच्चारण लिनुहोस्।

अनमोल नाम, ओ कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द;
अनमोल नाम, हे कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द

139 अब हामी हाम्रो शिर झूकाऔ, जसै हामी गुनगुनाऔं:

येशुको नाउमा झुक्दछौ,
उनको पाउमा पराजित भई झूकी,
स्वर्गमा राजाहरुका राजा...उसलाई मुकुट,
जब हाम्रो यात्रा पूरा हुन्छ। (यो कुनै दिन, हुनेछ)
ओ अनमोल नाम, (अनमोल नाम!) ओ कति मिठो!

जबसम्म हामी फेरी भेट्दैनौ, परमेश्वर तपाईसँग हुनुभएको होस्।

पृथ्वीको आशा र स्वर्गको आनन्द;
अनमोल नाम, ओ कति मिठो! (कति मिठो!)
पृथ्वीको आशा र स्वर्गको आनन्द।

63-0818 एकताको समय र चिन्ह
ब्रन्हाम टेबरनेकल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org